# लेखापरीक्षण प्रतिवेदन

## सरुमारानी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सरुमारानी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/676

श्रीमान् अध्यक्षज्यू,
सरुमारानी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, प्युठान ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/676

श्रीमान् अध्यक्षज्यू,
सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
प्युठान।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

**१.कैफियतसहितको राय**

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२.कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ कुल रु. ९० करोड ७४ लाख ३१ हजारको लेखापरीक्षणबाट रु. २१ लाख ३७ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु. ५ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१० लाख ३२ हजार र नियमित गर्नुपर्ने रु.५ लाख ९ हजार गरी जम्मा रु. २१ लाख ३७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.३ करोड ४३ लाख ८८ हजार र यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. ३ करोड ६५ लाख २५ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३.अन्य बेहोरा**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सरुमारानी गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४२ | ७४ | २१,३७,१३४ | ० | ० | ० | ० | ४२ | ७४ | २१,३७,१३४ | ५,९५,८३३ | ५,०९,६४१ | १०,३१,६६० | ० | ० | १५,४१,३०१ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| प्यूठान | ३,४३,८८,००० | ० | ० | ३,४३,८८,००० | ० | २१,३७,१३४ | ३,६५,२५,१३४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|

# सरुमारानी गाउँपालिका, प्युठान

# ( ८०५५५५०७३०० )

# सरुमारानी गाउँपालिका , प्यूठान

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।६।२ देखि २०८२।६।५ सम्म ४ कार्य दिन रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय र व्ययतर्फको रु. ९० करोड ७४ लाख ३१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा

लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

| आर्थिक वर्ष २०८१।८२ को | | | | | |
|---|---|---|---|---|---|
| **प्राप्ति** | | | **भुक्तानी** | | |
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **सुरुमौज्दात** | | **२४६६८५०५.२३** | **चालुखर्च** | | **२८१३६११२२.७४** |
| १. संचितकोष | १६१६३८२८.८४ | | १. पालिका तर्फ | १३२३३२०५६.०२ | |
| २. धरौटी | ४९५५८७०.११ | | २. संघीय सशर्त | १४६९३७१०३.७२ | |
| ३. कार्यसञ्चालन कोष | २७८६५१८.०० | | ३. संघीय विशेष | ०.०० | |
| ४. प्रकोप व्यवस्थापन कोष | ७६२२८८.२८ | | ४. प्रदेश सशर्त | ३९००८८.०० | |
| **यस वर्षको आय** | | **४५५१७८८३२.०७** | ५. प्रदेश विशेष | १७०१८७५.०० | |
| **१. आन्तरिक आय** | **९०८१०३२.१८** | | **पुँजीगत खर्च** | | **६९९७७९२०.९९** |
| **स्थानीय बाँडफाँट रकम** | **३७२४१५४.८४** | | १. पालिकातर्फ | ४८७८१२३२.४९ | |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | **३३२५९४०३८.१७** | | २. संघीय सशर्त | ६६०१८४७.०० | |
| क) समानीकरण अनुदान | ७५७९३७६०.०० | | ३. संघीय विशेष | ०.०० | |
| ख) राजस्व बाँडफाँट | ८१५७२६८८.१७ | | ४. संघीय समपुरक | ४४३२५९०.०० | |
| ग) सशर्त अनुदान चालु | १६२३९५०००.०० | | ५. प्रदेश सशर्त | ५६२००३३.०० | |
| ग) सशर्त अनुदान पुँजीगत | ८४०००००.०० | | ६. प्रदेश विशेष | ०.०० | |
| घ) समपुरक अनुदान | ४४३२५९०.०० | | ७. प्रदेशसमपुरक | ४५४२२१८.५० | |
| ङ) विशेष अनुदान | ०.०० | | **अन्तर सरकारी अख्तियारी (संघ)** | **७४७८४३८६.००** | **७४७८४३८६.००** |
| च) रोयल्टी | ०.०० | | क)स्वास्थ्य क्षेत्रसुधार | १७०९४००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्यक्रम | | |
| छ) अन्य | ०.०० | | ख) सामाजिक सुरक्षा | ७२१०२९८६.०० | |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | **२५४३८८६९.०५** | ग) विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र स्तर | ९७२०००.०० | |
| क) समानीकरण अनुदान | ५२३००००.०० | | अन्तरसरकारी अख्तियारी (प्रदेश) | **९९४८३५.००** | **९९४८३५.००** |
| ख) राजस्व बाँडफाँट | ६४२९१२६.०५ | | **ऋण फिर्ता (साँवा)** | **०.००** | **०.००** |
| ग) सशर्त अनुदान | ७४०००००.०० | | **ऋणको ब्याज भुक्तानी** | **०.००** | **०.००** |
| घ) समपुरक अनुदान | ४६७७८६८.०० | | **धरौटी फिर्ता तथा सदर स्याहा** | **५७८८१४.१०** | **५७८८१४.१०** |
| ङ) विशेष अनुदान | १७०१८७५.०० | | **कार्य सञ्चालन कोषबाट भएको खर्च** | **५७३९२१९.००** | **५७३९२१९.००** |
| च) रोयल्टी | ०.०० | | **अन्य कोषबाट भएको खर्च** | **०.००** | **०.००** |
| छ) अन्य | ०.०० | | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | **०.००** | **०.००** |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | **७४७८४३८६.००** | **अन्य सहयोगमा सञ्चालित योजना** | **०.००** | **०.००** |
| क) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १७०९४००.०० | | **१. संघतर्फ** | **१७२५६०४९.२८** | **१७२५६०४९.२८** |
| ख) सामाजिक सुरक्षा | ७२१०२९८६.०० | | क) सशर्त अनुदान चालु | १५४५७८९६.२८ | |
| ग) विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र स्तर | ९७२०००.०० | | क) सशर्त अनुदान पुँजीगत | १७९८१५३.०० | |
| ——.. | | | ख) विशेष अनुदान | ०.०० | |
| **५. अन्तर** | | **९९४८३५.००** | ग) समपुरक | ०.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| **सरकारी अख्तियारी (प्रदेश)** | | | अनुदान | | |
| क) सुशासन तथा शान्ति सुरक्षा व्यवस्थापन | ९९४८३५.०० | | **२. प्रदेशतर्फ** | | **१५२५५२८.५०** |
| **६. ऋण/ वित्तीय व्यवस्था** | **0.00** | **0.00** | क) सशर्त अनुदान चालु | ९९१२.०० | |
| **७. धरौटी आय** | **१७६६४१0.00** | **१७६६४१0.00** | क) सशर्त अनुदान पुँजीगत | १३७९९६७.०० | |
| **८. कार्यसञ्चालन कोष आय** | **६७९५१0६.८३** | **६७९५१0६.८३** | ख) विशेष अनुदान | ०.०० | |
| **९. अन्य कोषको आय** | **0.00** | | ग) समपुरकअनुदान | १३५६४९.५० | |
| | **0.00** | | **अन्तिम मौज्दात** | | **२७६२९४६१.६९** |
| **१0. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | **0.00** | | १. संचित कोषको मौज्दात | १६०४१४५०.५७ | |
| | | | २. धरौटी | ६१४३४६६.०१ | |
| **११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | | | ३. कार्यसञ्चालन कोष | ३८०१९३०.०० | |
| १२.अन्य आय भएमा | | | ४. अन्य कोष विविध खर्च खाता | १०३४११९.८३ | |
| **जम्मा** | | **४७९८४७३३७.३०** | **जम्मा** | | **४७९८४७३३७.३०** |

नेपालको संविधानको धारा २४१ को उपधारा ४ मा तीनै तहको सरकारको लेखा संघीय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा रहने व्यवस्था अनुरुप नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७६।१।१७ मा सबै स्थानीय तहमा स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application- SuTRA) लागु गर्ने निर्णय भई कार्यान्वयनमा रहेको छ। स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) अनुसार पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं. २७०) मा पालिकाले संघीय सरकारबाट अनुदान प्राप्त गरी कार्यान्वयन गरेको सामाजिक सुरक्षा तथा संरक्षणको रु.७,२१,०२,९८६, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१७,०९,४००.००, विद्यालय शिक्षा क्षेत्र योजनाको रु.९,७२,०००.०० र प्रदेश तर्फको सुशासन तथा शान्ति सुरक्षा व्यवस्थापन रु.९,९४,८३५.०० समेत रु.७,५७,७९,२२१.०० समावेश भई प्रतिवेदन भएको छैन। उल्लिखित अवस्थाले पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं. २७०) ले पालिकाको समग्र आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गरेको देखिदैन। पालिकामा भएको सबै आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA)मा लेखाङ्कन भई प्रतिवेदन हुने व्यवस्था हुनु पर्दछ।

**क. बैंक हिसाब मिलान विवरण**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। स्थानीय तहमा रहेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण अनुसार वर्षान्तमा स्रेस्ता र बैंक अनुसारको मौज्दात रु.१,६०,४१,४५०.५७ रहेको देखिन्छ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. |
|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १६०४१४५०.५७ | १६०४१४५०.५७ |
| चालु खर्च खाता | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० |
| विविध खर्च खाता | १०३४११९.८३ | १०३४११९.८३ |
| विपद व्यवस्थापन खाता | ६०८४९५.२८ | ६०८४९५.२८ |
| स्थानीय विभाज्य कोष | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | १८०१९३० | १८०१९३० |
| धरौटी मौज्दात | ६१४३४६६.०१ | ६१४३४६६.०१ |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० |
| ग१.२, बाँडफाँटबाट प्राप्त राजस्व खाता | ० | ० |
| बैङ्क मौज्दात | १६०४१४५०.५७ | १६०४१४५०.५७ |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

## ३ दीर्घकालीन योजना, नीति तथा कार्यक्रम र बजेट

दीर्घकालीन योजना, नीति तथा कार्यक्रम र बजेट तर्जुमा, मध्यमकालिन खर्च संरचना र वार्षिक योजना कार्यान्वयन अवस्था निम्नानुसार रहेको छः

### १. आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, वालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिई सोही ऐनको दफा २४(१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले पहिलो आवधिक योजना आर्थिक वर्ष २०७८।७९ देखि २०८२।८३ सम्म कार्यान्वयनमा रहेको देखियो। पालिकाले आवधिक योजनाको वार्षिक लक्ष्य र सोको प्राप्ति अवस्था मुल्याङ्कन गरेको छैन। आवधिक योजनामा समावेश लक्ष्य प्राप्ति सम्बन्धमा प्रतिवेदन तयार गर्नु पर्दछ।

### २. वार्षिक नीति तथा कार्यक्रम र बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको बजेट प्रक्षेपण गरी निम्नानुसार प्रकृया पुरा गरी राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र दफा ७३ मा स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा नीति तथा कार्यक्रम २०८१।३।८ मा स्वीकृत भई २०८१।३।१० मा रु. ४० करोड ३६ लाख ४४ हजारको बजेट स्वीकृत भई पालिकाको अध्यक्षले २०८१।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

| बेहोरा | कामको विवरण | मिति | स्थानिय सरकार सञ्चालन ऐन, २०७४ | कैफियत |
|---|---|---|---|---|
| राजश्व परामर्श समिति | स्रोत अनुमान | ०८१। २।१७ | दफा ६५ अनुसार राजश्व अनुमान गर्नुपर्ने | सम्पन्न |
| स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | बजेट सीमा निर्धारण गरी विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराएको | ०८१। २।१६ | दफा ६६ अनुसार फागुन महिना भित्र थप २ वर्षको बजेट प्रक्षेपण समेत गरी चैत्र १५ भित्र विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने | थप एक वर्षको मात्र बजेट प्रक्षेपण गरेको |
| विषयगत तथा वडा समिति | सिमा अनुसार कार्यक्रम तथा बजेट निर्धारण | ०८१। २। २७-३१ | सिमा निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने व्यवस्था | सम्पन्न |
| बजेट तथा कार्यक्रम तर्जुमा समिति | बजेट तथा कार्यक्रम निर्धारण | ०८१। ३।५ | बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने | सम्पन्न |
| कार्यपालिका | बजेट तथा कार्यक्रम स्वीकृत | ०८१। ३।१० | दफा ७१(१) अनुसार असार १० सम्म सभामा पेश गर्नु पर्ने | समयमै पेश |
| गाउँसभा | बजेट तथा कार्यक्रम स्वीकृत | ०८१। ३।१० | दफा ७१(६) अनुसार असार मसान्तसम्म पारित गरिसक्नु पर्ने | समयमै पारित |

### ३. मध्यमकालिन खर्च संरचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उल्लेखित अनुसार मध्यमकालिन खर्च संरचना तयार गरेको छ। सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउन, विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन समग्र पालिकाको अपेक्षित उपलब्धि हासिल हुने गरी मध्यमकालिन खर्च संरचना तयार गर्नु पर्दछ।

### ४. योजना कार्यान्वयन अवस्था

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा रु. २० लाख भन्दा माथी ६, रु. ५ लाख देखि रु. २० लाख सम्म १८ र रु. ५ लाख भन्दा कम बजेट भएका १५५ समेत कुल १७९ योजना छनौट भई कार्यान्वयन भएको देखियो।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५लाख देखि२० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या | कार्यान्वयन भएका योजना संख्या | कार्यान्वयन नभएका योजना संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय (रोजगार सहित) | २४ | ६ | १८ | ० | २४ | ० |
| २. | वडा स्तरीय | १५८ | ० | ० | १५५ | १५५ | ३ |
| | **जम्मा** | १८२ | ६ | १८ | १५५ | १७९ | ३ |

पालिकाबाट प्राप्त विवरणअनुसार छनौट भएका योजनाहरु साना स्तरमा रहेको देखिन्छ। योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

### ५. वार्षिक योजना तथा बजेट प्राथमिकता

आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने लगायतका स्थानीय तहका आवश्यकताका आधारमा स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पर्दछ। पालिकाले रु.४० करोड ९८ लाख बजेट मध्ये आर्थिक विकासमा ६.९९ प्रतिशत, सामाजिक विकासमा ४७.५१ प्रतिशत, पूर्वाधार विकासमा ८.०५ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ४.४७ प्रतिशत र बाँकी १८.६६ कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा विनियोजन भएको देखियो। विनियोजन भएको बजेट मध्ये सबैभन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ४.७० प्रतिशत र सबैभन्दा बढी सामाजिक विकासमा ४७.५१ प्रतिशत खर्च भई समग्रमा ८५.९२ प्रतिशत खर्च भएको छ। पालिकाले सन्तुलित बजेट तथा कार्यक्रम निर्धारण गरी सोको कार्यान्वयन गर्नु पर्दछ।

### ४ हिउँदे अधिवेशनबाट रकमान्तर

आर्थिक वर्ष २०८१।८२ मा पालिकाको हिउँदे अधिवेशनवाट देहायअनुसार रकमान्तर स्वीकृत भएको अवस्था छ। पालिकाको हिउँदे अधिवेशनले चालु तर्फ १ र पुँजीगत तर्फ ६ कार्यक्रमबाट ५३ वटा कार्यक्रममा निम्नानुसार बजेट रकमान्तर गरी कार्यान्वयन गरेको देखिन्छ।

| क्र.सं. | शीर्षक | रकमान्तर गरेको कार्यक्रम | | रकमान्तरवाट थप भएको कार्यक्रम | | रकमान्तर रकम |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | रकम | सङ्ख्या | रकम | रकम |
| १ | चालु | १ | ९००००० | ९ | ३०१००४४ | ३०१००४४ |
| २ | पुँजीगत | ६ | २०३०१८४ | ४४ | ६०८३९६९ | ६०८३९६९ |
| | जम्मा | ७ | २९३०१८४ | ५३ | ९०९४०१३ | ९०९४०१३ |

### ५ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, दफा ७७ (२) आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यस आर्थिक वर्षको खर्च तथा आम्दानीको कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालयले जानकारी दिएको छ। कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

### ६ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | **रु. हजारमा** |
| **क्र.स** | **बजेट** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिना** |
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | |
| १ | कुल खर्च रकम | ३५२११४ | ५३२५२ | ४४५३५ | १०७०५७ | १४७२७० | १०८३४६ |
| २ | पुँजीगत खर्चतर्फ | ७०७५३ | ० | १४६५० | १२४०९ | ४३६९३ | ३२५०० |
| ३ | प्रतिशत | १०० | ० | २१ | १८ | ६२ | ४६ |
| | कुल खर्चको तुलनामा प्रतिशत | **२०** | **०** | **३३** | **१२** | **३०** | **३०** |

पालिकाबाट प्राप्त विवरण अनुसार कुल खर्चको २० प्रतिशत रु. ७ करोड ७ लाख ५३ हजार पुँजीगत खर्च गरेकोमा दोस्रो त्रैमासिकमा रु. १ करोड ४६ लाख ५० हजार (२१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१ करोड २४ लाख ९ हजार (१८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ४ करोड ३७ लाख (६२ प्रतिशत) खर्च गरेको देखिएको छ । आर्थिक वर्षको अन्तिम महिना आषाढमा मात्र रु. ३ करोड २५ लाख (४६ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा खर्चको चाप वृद्धि भई खर्च व्यवस्थापन सन्तुलित भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च सन्तुलित हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

## ७ आन्तरिक नियन्त्रण प्रणाली

सरुमारानी गाउँपालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षता पूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली,२०७८ तयार गरी लागु गरेको छ। आन्तरिक नियन्त्रण प्रणाली,२०७८ को बुँदा नं. २०.१ अनुसार गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा ९ सदस्यीय आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति रहेको र समितिले बुँदा नं. २०.३ अनुसार त्रैमासिक रुपमा बुँदा नं. २०.५ अनुसारको अनुसूची १ को ढाँचामा आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनको अनुगमन गरी सोको प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्ने व्यवस्था रहेको छ। समितिबाट उल्लेखित अनुसार सुधार गर्नु पर्ने सुझाव सहितको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको त्रैमासिक रुपमा अनुगमन गरेको प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गरेको देखिएन। लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कैफियत व्यहोरा निम्नानुसार रहेका छन्।

**बजेट व्यवस्थापन तर्फ**

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• शहरीकरण भइरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

• दिगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालिन खर्च संरचना तयार गरेको देखिएन ।

**खरिद व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७४(२) तथा सार्वजनिक खरिद ऐन,२०६३ को ७४(३) अनुसार स्थानीय तहले खरिद कारवाही गर्दा लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र मूल्याङ्कन तथा स्वीकृत गर्ने, सोझै खरिद गर्ने, दफा ४१(२) बमोजिम रहने समिति तथा भेरियशन आदेश जारी गर्ने अधिकारी तोक्ने समेतका विषयमा सार्वजनिक खरिद ऐन,२०६३ को अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलब्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वन जन्य- विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा कार्यपालिकावाट सडक, भवन लगायत भौतिक निर्माण कार्यको लागि एकरुपता र मितव्ययी हुने नर्म्स स्वीकृति गरी प्रयोग गरेको देखिएन,

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

• विज्ञापन नियमन गर्ने ऐन,२०७६ र नियमावली, २०८० मा भएको व्यवस्था पालना गरी सुचना प्रकाशन गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता राखेको देखिएन,

**शिक्षातर्फ**

• कार्यक्रम कार्यान्वयन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको देखिएन,

• पालिकाको शिक्षा योजना तथा शैक्षिक गुणस्तर सुधार कार्यान्वयन कार्यविधि,२०७५ अनुसार उपलब्ध गराएको वार्षिक अनुदान पश्चात पालिकामा रहेका विद्यालयको शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको देखिएन।

**विविध तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ अनुसारका अधिकारको कार्यान्वयन गर्न आफ्नो क्षेत्राधिकार भित्रको (स्थानीय, ग्रामीण, कृषि सडक र सिँचाई, खानेपानी, साना जलविद्युत, वैकल्पिक उर्जा, जलाधार, भूमि वर्गिकरण लगायत) आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन पूर्ण रुपमा अद्यावधिक गरेको देखिएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित बेहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेको,

आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०७८ को व्यवस्था अनुसार समितिबाट उल्लेखित अनुसार सुधार गर्नु पर्ने सुझाव सहितको आन्तरिक नियन्त्रण प्रणालीको त्रैमासिक रुपमा अनुगमन गरेको प्रतिवेदन तयार गरी सोको कार्यान्वयन समेत गरेर देखिएका कैफियत व्यहोरामा सुधार गरी पालिकाबाट सम्पादन भएको कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षता पूर्ण ढंगबाट सम्पादन भएको सुनिश्चित गर्नु पर्दछ।

## ८ दरबन्दी र पदपूर्ति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ दरबन्दी संरचना कायम गरेको छ। पालिकामा विषयगत शाखा तर्फ समेत गरी ५१ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित ३४ स्थायी पदपूर्ति, ७ पदमा करार र १० पद रिक्त रहेको विवरण पेश भएको छ। जस मध्ये अधिकृत प्रशासन-१, कृषि/पशु अधिकृत -१, प्रशासन सहायक पाचौं-२ , कृषि सेवा पाचौं-२, सब ई-२, लगायतका महत्वपूर्ण १० पद रिक्त रहेका छन। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्न सक्ने भएकोले रिक्त पदहरु समयमै प्रदेश लोकसेवामा माग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ९ तलबी प्रतिवेदन

निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५।१८ को परिपत्र (तलबी प्रतिवेदन सम्बन्धमा) को बुँदा नम्बर ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १५ कर्मचारीको रु.८६,३५,४८०/- र पालिकाका २५ कर्मचारीको रु.१,७१,५३,२७९/- समेत रु.२,५७,८८,७५९/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगर्दा खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## १० **बोलपत्र व्यवस्थापन**

पालिकाले गरेको निम्नानुसार बोलपत्र तथा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद सम्झौता गरेको कार्यको लागत अनुमानको भन्दा १४ देखि ३० प्रतिशतसम्म घटिमा सम्झौता भएको छ । उल्लिखित विवरण अनुसार निर्माण तर्फ पालिकाले तयार गरेको लागत अनुमान भन्दा ३० प्रतिशत घटीसम्म सोही गुणस्तरको कार्य गर्न कबोल गरी खरिद कार्य भएको देखिन्छ। सम्झौताको कार्यान्वयन गर्दा सम्झौतामा समावेश स्पेशिफिकेशन र तोकेको गुणस्तरमा निर्माण कार्य सम्पन्न भएको सुनिश्चितता हुनु पर्दछ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान | सम्झौता रकम | भुक्तानी | घटी प्रतिशत | कार्यान्वयन अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| १ | १।०८१।८२ | गढी रानीकुवा, पर्यटनपूर्वधार निर्माण वडा नं ४ | आशिका निर्माणसेवा,प्युठान | ६७५८७९२.६७ | ४७४११७१ | ४५२४९५६ | ३० | सम्पन्न |
| २ | २।०८१।८२ | बङ्गाँडा उपल्लो खुट्टी तिराम सडक निर्माण वडा नं ६ | रोयल गौमुखि कन्स्ट्रक्सन प्रा.लि., राप्ति गाउँपालिका | ६७५९५०७ | ४९५१६४६ | ४४९२५८३ | २७ | सम्पन्न |
| ३ | ३।०८१।८२ | ऐरावती बङ्गाँडा पुठाखोला दाङ सडक स्तरउन्नती योजना | सुनछहारी कन्सट्रक्सन प्रा.लि., कोटेश्वर | १९८९५०२०.६७ | १७१२४०९० | ८५२४२०७ | १४ | म्याद थप नभएको ०८२।२।३० पश्चात म्याद थप नभएको। |
| ४ | ४।०८१।८२ | दर्भानरत्ने मोबा कालोपत्रे र नर्सरी- आटिटार -वडा कार्यालय मोटरबाटो कालोपत्रेप्याकेज | न्यू अम्बे निर्माण सेवा ३००३१४०५८ | ३६९८९४४ | ३१४५७०५ | ३०५९४१२ | १५ | **सम्पन्न** |

**ऐरावती बङ्गाँडा पुठाखोला दाङ सडक स्तरउन्नती योजना**

पालिका र सुनछहारी कन्सट्रक्सन प्रा.लि., कोटेश्वर बीच भएको निर्माण सम्झौताको विशेष शर्तको बुँदा- जि.सि.सि. ५५.१ अनुसार समयमा निर्माण कार्य सम्पन्न नभएमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले १० प्रतिशतमा वृद्धि नहुने गरी पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण कार्य गराउने वा सम्झौताको सामान्य शर्तको बुँदा नं. ७५.३ मा तोके अनुसार बुँदा नं. ७२ को अवस्था भएमा निर्माण व्यवसायीको कारण ठेक्का सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था रहेको छ। पालिका र सुनछहारी कन्सट्रक्सन प्रा.लि., कोटेश्वर बीच लागत अनुमान रु.१,९८,९५,०२०.६७ भएको ऐरावती बङ्गाँडा पुठाखोला दाङ सडक स्तरोन्ती कार्य २०८२।२।३० सम्म सम्पन्न गर्ने गरी रु.१,७१,२४,०९०.०० मा सम्झौता भई रु.८५,२४,२०७.०० भुक्तानी भएको देखियो। सम्झौता अवधि २०८२।२।३० पश्चात थप भएको छैन। सम्झौताको शर्त अनुसार पूर्व निर्धारित क्षतिपूर्ति वा सम्झौताको अन्त्य गर्ने निर्णय गरी निर्माण सम्झौता फरफारक हुनु पर्दछ।

## ११ **अनुदान व्यवस्थापन कार्यबिधिः**

सार्वजनिक निकायबाट उपलब्ध गराउने अनुदानलाई व्यवस्थित, जिम्मेवार, पारदर्शी, उत्तरदायी, जवाफदेही र एकरुपता कायम गरी लक्षित वर्गसम्म अनुदानको पहुँच पुर्‍याउन र कार्यक्रमलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गरी लक्षित नतिजा हासिल गर्न अनुदान व्यवस्थापन सम्वन्धी कार्यविधि, निर्देशिका वा मापदण्ड तयार गर्नु पर्दछ। पालिकाले निम्नानुसार अनुदान कार्यक्रम सञ्चालन गरेकोमा कार्यक्रमलाई प्रभावकारी ढंगवाट कार्यान्वयन गर्नको लागि उल्लेखित अनुसारको अनुदात वितरण कार्यविधि तयार गरेको छैन। पालिकाले उपलब्ध गराउने अनुदानलाई व्यवस्थित, पारदर्शीता,

प्रभावकारी र एकरुपता कायम गरी लक्षित वर्गसम्म अनुदानको पहुँच पुर्‍याउन र कार्यक्रमलाई प्रभावकारी ढंगबाट कार्यान्वियन गरी लक्षित नतिजा हासिल गर्न अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वियन गर्नु पर्दछ।

| क.स. | कार्यक्रम | बजेट रु. | खर्च रु. | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | कृषितर्फको अनुदान | | | | |
| १ | तरकारीको बिउ वितरण कार्यक्रम | ३००००० | २९७०३६ | ९९.०१ | स्थानीय सरकार |
| २ | बाली संरक्षण सेवा कार्यक्रम | १००००० | ९९७७० | ९९.७७ | स्थानीय सरकार |
| ३ | कृषक समूहहरुलाई अभिमुखीकरण तालिम | १००००० | ९४६४० | ९४.६४ | स्थानीय सरकार |
| ४ | युवा महिला तथा पुरुष लक्षित कृषि सम्बन्धि तालिम | २००००० | १८४२८० | ९२.१४ | स्थानीय सरकार |
| ५ | मोटर र पाईप वितरण कार्यक्रम | ९००००० | ८७३५११ | ९७.०६ | स्थानीय सरकार |
| ६ | कृषि समूहहरुमा लिफ्ट सिंचाइहरुमा विधुतीय महसुल सहयोग अनुदान कार्यक्रम | ५००००० | ० | ० | स्थानीय सरकार |
| ७ | खाद्यान्न/ रैथाने बालीको बिउ वितरण | २००००० | १९९२०० | ९९.६० | स्थानीय सरकार |
| ८ | विभिन्न दिवस/ मेला संचालन कार्यक्रम | ५०००० | ५०००० | १०० | स्थानीय सरकार |
| ९ | बाली उपचार घुम्ती शिविर कार्यक्रम | १००००० | ९९९९८ | १०० | स्थानीय सरकार |
| १० | फलफुलको बेर्ना वितरण कार्यक्रम ५० प्रतिशत अनुदानमा | १५०००० | १३२८५७ | ८८.५७ | स्थानीय सरकार |
| ११ | मिनिटिलर वितरण कार्यक्रम | ५००००० | ४८५१०० | ९७.०२ | स्थानीय सरकार |
| १२ | कार्यक्रम अनुगमन सुपरिवेक्षण तथा मूल्यांकन | ५०००० | ५०००० | १०० | स्थानीय सरकार |
| १३ | किसान सूचीकरण कार्यक्रम | २००००० | ० | ० | संघीय सरकारबाट प्राप्त सशर्त बजेट |
| १४ | आ.व. २०८१/८२ मा नयाँ मौरी पकेट विकास कार्यक्रम संचालन | १२००००० | ११३९७३१ | ९४.९८ | संघीय सरकारबाट प्राप्त सशर्त बजेट |
| १५ | कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिकहरुको तलव भत्ता | ३४४००० | ३४४००० | १०० | संघीय सरकारबाट प्राप्त सशर्त बजेट |
| १६ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम | ६०००० | ० | ० | संघीय सरकारबाट प्राप्त सशर्त बजेट |
| १७ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ४००००० | ३९००८८ | ९७.५२ | प्रदेश सरकारबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्राप्त सशर्त बजेट |
| | पशुतर्फको अनुदानः | | | | |
| १. | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | १,००,०००/- | ९९,५२०/- | ९९.५२ | संघ |
| २. | महामारी/ आकस्मिक रोग नियन्त्रण कार्यक्रम | १,००,०००/- | ९९,८१६/- | ९९.८१ | |
| ३. | ईपिडेमियोलोजी रिपोटिंग | १२,०००/- | ० | ० | |
| ४. | भकारो सुधार कार्यक्रम | १०,००,०००/- | ९,४९,८३२/- | ९४.९८ | स्थानीय तह |
| ५. | बाख्राको खोर निर्माण/ सुधार कार्यक्रम | ७,५०,०००/- | ६,४६,३६५/- | ८६.१८ | |
| ६. | स्थलगत भैंसी, बाख्रा र कुखुरापालन तालिम | २,००,०००/- | १,८८,१७५/- | ९४.०८ | |
| ७. | पशुपन्छीको औषधी खरिद कार्यक्रम | ७,००,०००/- | ६,९९,७१२/- | ९९.९५ | |
| ८. | पशुपन्छीको उपचार सामग्री खरिद कार्यक्रम | १,००,०००/- | ९९,९६१/- | ९९.९६ | |
| ९. | पशु स्वास्थ्य घुम्ती शिविर कार्यक्रम | ३,००,०००/- | २,९१,०७४/- | ९७.०२ | |
| १०. | खोप सामग्री तथा भ्याक्सिनेटर पारिश्रमिक | ४,००,०००/- | २,६३,११०/- | ६५.७७ | |
| ११. | डेरी सुधार कार्यक्रम | ५०,०००/- | ५०,०००/- | १०० | |
| १२. | अनुगमन तथा मुल्यांकन | ५०,०००/- | ५०,०००/- | १०० | |
| १३. | कृषि सामग्री मर्मत तथा भाडा | ५०,०००/- | ४७,९८०/- | ९५.९६ | स्थानीय तह (स्रोत केन्द्र) |
| १४. | जनशक्ति परिचालन (करार/ ज्यालादारी) | १२,४०,०००/- | १०,२०,३१५/- | ८२.२८ | |
| १५. | घाँसदाना, औषधी र बिमा नवीकरण | ५,००,०००/- | ३,५७,७२५/- | ७१.४ | |
| १६. | च्याउको बिउ खरिद | ३०,०००/- | ५,५२५/- | १८.४१ | |
| १७. | विषादी तथा शुष्म पोषक तत्व खरिद | १,००,०००/- | १२,९५०/- | १२.९५ | |
| १८. | जग्गा भाडा | १,५०,०००/- | १,२७,०५०/- | ८४.६६ | |
| १९ | अन्य विविध | २,८०,०००/- | २,२२,८८७/- | ७९.२८ | |

## १२ समिति गठन

गाउँसभा/ नगरसभाको (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा ६७ अनुसार गाउँ सभाले तोक्ने ३ समितिहरुमा संयोजक सहित बढीमा पाँच सदस्य रहने उल्लेख छ। गाउँसभाको २०७९।१०।२९ को बाह्रौं गाउँसभा बैठकबाट कार्यपालिकाका सदस्य बाहेकका सभा सदस्य मध्येबाट ५/५ सदस्यीय लेखा, विधायन र योजना तथा सुशासन समिति समेत ३ वटा समिति गठन गरेको देखियो । लेखा समिति तर्फ वडा सदस्य श्री मिन्टु गुरुङ्ग, विधायन समिति तर्फ वडा सदस्य श्री वेद बहादुर पुन र योजना तथा सुशासन समिति तर्फ वडा सदस्य श्री नम बहादुर उलुङ्गेको संयोजकत्वमा ५/५ सदस्यीय विषयगत समिति गठन भई कार्यसम्पादन गरेको अवस्था रहेको छ।

## १३ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा

गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०७६ श्रावणपछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा गरी सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरेतापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकाश कोषमा जम्मा गर्ने गरेको पाइएन । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु.१०,००,०००।०० ट्रान्सफर गरी गत वर्षको मौज्दात समेत रु.१८,०१,९३०।०० बैंक मौज्दात रहेको देखिन्छ । पालिकाले कोष वृद्धि तथा परिचालन सम्बन्धी कानुनी व्यवस्था गरी व्यवस्थित गर्नुपर्दछ।

१४ **बितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाबाट सञ्चालन भएका केह कार्यक्रम अनुत्पादक तथा वितरणमुखी कार्यक्रमहरु रहेकाले यस्ता कार्यक्रम नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च आवश्यकतामा आधारित रहि यस्तो खर्चमा नियन्त्रण गर्दै जानुपर्ने र सुविधा प्राप्त गर्ने लाभग्राहीको नामनामेशी सहितको विवरण सार्वजनिक गर्नु पर्दछ।

| गो.भौ.नं. | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १२०।०८१।९।८ | अन्तर्राष्ट्रिय अपाङ्ग दिवस मनाउने खर्च | ५४३५०।०० |
| २५३।०८१।१०।२८ | किमिचौर माघि मेला व्यवस्थापन खर्च | ६९८७०।०० |
| २८९।०८१।११।१३ | माघि सक्रान्ती पर्व मेला व्यवस्थापन खर्च वडा नं ४ | ७५०००।०० |
| ३९९।०८२।१।८ | तमु ह्युल छोज धिँ गुरुङ जातीको दिवस खर्च | ७५०००।०० |
| ३९६।०८२।१।४ | मगर दिवस मनाउने खर्च | ९८०४०।०० |

१५ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाले स्थानीय तहभित्रका वडाहरुमा बालविकास केन्द्रका भवनहरु, कुलो, पैनी, सरसफाई, संभार तथा सरसफाई कार्य लगायतका ९ योजना सञ्चालन गरी यस वर्ष ६६ जनालाई १०० दिनको रोजगारी उपलब्ध गराई ज्यालामा रु. ४३ लाख ३५ हजार ६ सय ८ खर्च भुक्तानी गरेको छ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको नदेखिंएकोले यसमा सुधार गर्नुपर्दछ ।

| क्र.स. | योजनाको नाम | वडा नं | विनियोजन रकम | | श्रमिक सङ्ख्या | भुक्तानी रकम | |
|---|---|---|---|---|---|---|---|
| | | | ज्याला रकम | निर्माण सामाग्री | | ज्याला रकम | निर्माण सामाग्री |
| १ | बोदने खोलाबाध र पक्कि कुलो निर्माण योजना (वड़ा नं १ ) बिच टोल नाली निर्माण | १ | ४६७६०० | ३२५००० | ७ | ४६७६०० | ३२५००० |
| २ | स्वर्गद्वारीगेट गनाहा मो.बा. नाली निर्माण | २ | ४००८०० | १०५००० | ६ | ४००८०० | १०५००० |
| ३ | पालुथाननौघाट मो.बा. मर्मत तथा नाली निर्माण योजना | ३ | ८६८४०० | २५५००० | १३ | ८६८४०० | २५५००० |
| ४ | बुढोचौपारी कालिमाटी मो.बा. मर्मत तथा नाली निर्माण योजना | ३ | ४६७६०० | १००००० | ७ | ४६७६०० | १००००० |
| ५ | गुरुङ डाडा ढाब चाभा मो.बा. मर्मत तथा नाली निर्माण योजना | ३ | ३३४००० | १००००० | ५ | ३१७६०८.५ | १००००० |
| ६ | बड्डाडाधनकोट मोटर बाटो नाली निर्माण | ४ | ५३४४०० | १४५००० | ८ | ५३४४०० | १४५००० |
| ७ | कल्पना बालविकास केन्द भौतिक पूर्वाधार निर्माण | ५ | ५११६८० | १६३००० | ८ | ५११६८० | १६३००० |
| ८ | लुकलुकेबाल विकास केन्द भौतिक पूर्वाधार निर्माण | ५ | ३१९८०० | ११३००० | ५ | ३१९८०० | ११३००० |
| ९ | सिम्ले बालविकास केन्द्र २ कोठे भबन निर्माण | ६ | ४४७७२० | १४१००० | ७ | ४४७७२० | १४१००० |
| | जम्मा | | ४३५२००० | १४४७००० | ६६ | ४३३५६०८.५ | १४४७००० |

## १६ सहकारी संस्था व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ख) अनुसार स्थानीय तहको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गर्ने कार्य सम्वन्धित स्थानीय तहको हुने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार पालिकाको भौगोलिक क्षेत्रभित्र रहेका १४ सहकारी संस्था मध्ये ९ वटा सहकारी संस्था सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा अभिलेख अद्यावधिक नभएको र सो मध्ये ५ वटा सहकारीमा समस्या रहेको उल्लेख छ। पालिकाले विद्यमान कानून तथा कार्यविधि अनुसार सहकारी संस्था अनुगमन गरी व्यवस्थित गर्नु पर्दछ।

## १७ राजस्व अनुमान तथा प्राप्ति अवस्था

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले सम्पती कर, भुमिकर/ मालपोत, बहाल कर, बहाल बटौरी कर, विज्ञापन कर, सवारी साधन कर (साना सवारी) लगायत प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्यावधिक गर्न लगाउनु पर्ने व्यवस्था छ। पालिकाको राजस्वको अनुमान तथा प्राप्ति अवस्था निम्नानुसार रहेकोमा नियमावलीमा व्यवस्था भए अनुसार पालिकाले प्रदान गर्ने सेवा प्रवाहसँग भिडान गरी सो अनुसार राजस्व प्राप्त भई समयमा दाखिला भएको सुनिश्चित हुने गरी मासिक रुपमा निरीक्षण गरेको देखिँदैन। नियममा भएको व्यवस्थाको पालना हुने गरी कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा

नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न गराउनु पर्दछ।

| शीर्षक | आ.व. २०७९/८० को असुली | आ.व. २०८०/८१ को असुली | आ.व. २०८१/८२ को अनुमान | आ.व. २०८१/८२ को असुली |
|---|---|---|---|---|
| आन्तरिक श्रोत | ५०३१३९९.०३ | ७३३८६३७.३५ | ८५६०००००.०० | ८२३५७२७.१८ |
| ११३१३ सम्पती कर | ४६६९६७.१० | ७९८५७८.१६ | ११५००००.०० | ८३४३४८.३२ |
| ११३१४ भुमिकर/ मालपोत | १५१५८५२.३३ | ५४१९१८.४१ | १२०००००.०० | २९२०९९१.३९ |
| ११३१७ बहाल कर | २३२५३६.९६ | ३४२५५५.५७ | ४०००००.०० | ७३९४६९.१५ |
| ११३१८ बहाल विटौरी कर | २४२३३६.०० | २६६१२०.०० | ३५००००.०० | २९९३७७.२५ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | - | - | २००००.०० | - |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | - | - | २००००.०० | - |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | - | १२४८७०.०० | ३०००००.०० | १३५००.०० |
| ११६२१ व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ३००.०० | - | - | - |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ९००.०० | - | - | - |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | १५००००.०० | - | ५००००.०० | - |
| ११६९१ अन्य कर | ७८६४.०० | (९१५३९.००) | ४००००.०० | ७०००.०० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | - | ६३४३८०.०० | ६५००००.०० | ३८६८३५.४० |
| १४२१८ विद्युत सेवा शुल्क | ६०.०० | - | - | - |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ३८५५५.०० | ५६६५.०० | ५००००.०० | ३५५०३५.०० |
| १४२२१ न्यायिक दस्तूर | १४५०.०० | ४६००.०० | २००००.०० | ३०५०.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ३४२००.०० | ८२००.०० | २००००.०० | ५१००.०० |
| १४२२४ परीक्षा शुल्क | - | १८००.०० | १००००.०० | - |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २०६२६३.६६ | २१९६५०.०० | २५००००.०० | २१०१४०.०० |
| १४२४२ नक्सापास दस्तुर | ८९०७५.२४ | ११०४१९.४६ | १५००००.०० | ७७४६२.६७ |
| १४२४३ सिफारिश दस्तुर | ९८५१८४.४७ | ८५३५१६.०० | १२०००००.०० | ७४६३३५.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २७७६२०.०० | ३७७४००.०० | ४५००००.०० | ३६७३००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३४८१०.२१ | १२१६२०.०० | २०००००.०० | १३६९६०.०० |
| १४२४९ अन्य दस्तुर | १६३२६०.०६ | ४४१३६०.०० | ४५००००.०० | ४०७४५०.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८७३३७.०० | ८३२०.०० | १०००००.०० | ३००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | ६३५१२.०० | ३१००.०० | ६८००००.०० | - |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र | १०७००.०० | १८११९००.०० | ४५००००.०० | ७२२३०.०० |

| | | | | |
|---|---|---|---|---|
| जफत | | | | |
| १४६११ व्यवसाय कर | ४२२६१५.०० | ७५५००३.७५ | १००००००.०० | ६५२८४३.०० |
| अन्य आय | - | १९१०९८.०० | २१००००.०० | ९२०६६५.०० |
| १४५२९ अन्य राजस्व | - | - | १००००.०० | ९३५००.०० |
| १५१११ बेरूजू | - | १९१०९८.०० | २०००००.०० | ८२७१६५.०० |
| राजस्व बाँडफाँटबाट प्राप्त रकम | ३८०५८१५.८३ | ५०८२८०३.७७ | ४४५००००.०० | ३७४४२१५.०७ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १३६१६९५.०० | २०४७६९०.०० | १४५००००.०० | १८५१२७८.८४ |
| ११४७२ बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | १६८३०.०० | ३०८५५.०० | ५००००.०० | ३९०००.०० |
| १४१५३ बाँडफाँट भई प्राप्त वन रोयल्टी | ६८९९.४३ | ६०३३.५४ | ५५००००.०० | २००६०.२३ |
| १४१५७ बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २२२४६९३.०० | २९९८२२५.२३ | २४०००००.०० | १८३३८७६.०० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | १९५६९८.४० | - | - | - |
| गत वर्षको नगद मौज्दात | १५५०६६५४.०९ | १३७३६६९०.८६ | १००००००००.०० | १६१६३८२८.८४ |

१८ **दहत्तर वहत्तर आम्दानी**

पालिकाको क्षेत्राधिकार भित्र पर्ने माण्डवी खोलाको नदीजन्य पदार्थ उत्खनन तथा बिक्रीको लागि पालिकाले गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार पालिकाको क्षेत्राधिकारभित्र नदी बहने राप्ती नदीको निम्न ५ घाटबाट २७० दिनमा ८४३२१.७५ घन मिटर ढुङ्गा, गिटी तथा बालुवा गरी ३ प्रकारको नदीजन्य पदार्थ उत्खन्न गर्न सकिने र लुम्बिनी प्रदेशको आर्थिक ऐन अनुसार ढुङ्गा, गिटी तथा बालुवा प्रति घन फुट रु.६ को दरले मूल्य अभिवृद्धि कर बाहेक रु.१,७९,६०,३७३.०० हुने उल्लेख छ। सोको लागि चुरे क्षेत्रमा उत्खनन गर्नुपर्ने प्रकृया पुरा गरी राप्ती नदीको लागि प्रथम पटक २०८१।१०।२३ मा बोलपत्र आह्वान गरेकोमा सहभागी नभएपश्चात दोस्रो पटक २०८१।११।९ मा पुनःसूचना जारी गरेको र निम्नानुसार माडी खोलाको १२४१८.२० घन मिटर परिमाणको उत्खन्नको लागि २०८१।८।११ मा सूचना प्रकाशन गरेकोमा सो अवधिको सूचनामा समेत कुनै पनि बोलपत्रदाता सहभागी नभएकोले कार्यपालिकाको बैठक संख्या नं. ५४। २०८१।११।१८ को निर्णयानुसार पालिकाले तोकिएका स्थानमा राजस्व सङ्कलन गर्न डोर हाजिरीमा ५ जना नियुक्त गरी ४ महिनाको रु.४०१६२५।०० ज्यालामा खर्च भुक्तानी गरी राजस्व सङ्कलन गरेकोमा निम्नानुसार देखियो।

| क्र.सं. | घाट | उत्खननयोग्य परिमाण (घनमिटर) | अनुमानित आम्दानी | अमानतबाट प्राप्त आम्दानी | प्राप्त प्रतिशत |
|---|---|---|---|---|---|
| १ | राप्ती नदी - सुन घाट | १८१८९ | ३८७४२५७ | ४४४७४० | ११.४८ |
| २ | राप्ती नदी- तितृवाझ वेलघाट | १७२४३ | ३८१७३८६ | ५६६००० | १४.८३ |
| ३ | राप्ती नदी - झिलिवाङ्ग घाट | १७९२२ | ३६७२७५९ | ४३७२१५ | ११.९० |
| ४ | राप्ती नदी - ददेरी घाट | १८८३५ | ४०११८५५ | १०६३७९५ | २६.५२ |
| ५ | राप्ती नदी - रानीबगर घाट | १२१३२.७५ | २५८४११६ | ३९६७६० | १५.३५ |
| | **जम्मा** | **८४३२१.७५** | **१७९६०३७३** | **२९५८६५०** | **१६.१९** |
| ६ | माडी खोला- पनाहा | ४२६२ | ९०७८०२.८० | ५०१४० | |
| ७ | माडी खोला- नौघाट | ४१०८.३० | ८७५०६३.०० | ० | ० |
| ८ | माडी खोला- दोमही माथी | ३१९६.७० | ६८०८८७.५० | ० | ० |
| ९ | माडी खोला- कुडुले | ८५१.२० | १८१३०६.०० | ० | ० |
| | **जम्मा** | १२४१८.२० | | ५०१४० | |

राप्ती नदी क्षेत्र चुरेभावर क्षेत्रमा समेटिने भएकोले पालिकाले जिल्ला अनुगमन तथा समन्वय समितिसँग च.नं. ३४७।२०८१।६।२१ मा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) को परिमाण उत्खननको लागि अनुमती सिफारिसको लागि पत्राचार गरेकोमा जिल्ला समन्वय समितिको च.नं. ९१।०८१।८।१० मा राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिलाई अनुमतिको लागि सिफारिस गरेको देखियो। सो पश्चात २०८१।८।१९ मा पालिका र राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका पदाधिकारी समावेश भई अनुगमन गरेको र राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति, खुमल्टार ललितपुरको च.नं. १९५।०८१।१०।२२ को पत्रबाट उत्खनन सहमति प्रदान गरेको देखियो। पालिकाले २०८१।६।२१ मा पत्राचार गरेकोमा जिल्ला समन्वय समितिले अनुगमन तथा सिफारिस ४० दिन ढिला गरी राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिमा पत्राचार गरेको र राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति, खुमलटारले करिव ७२ दिन ढिला गरी पालिकालाई उत्खनन गर्न सहमति प्रदान गरेको देखियो। समग्रमा दहत्तर बहत्तर उत्खननको सहमति पालिकाले पत्राचार गरेको करिव ४ महिना ढिला गरी सहमति प्रदान भएकोले सोको ठेक्का व्यवस्थापनबाट सम्झौता नभएकोले अनुमानित आम्दानी प्राप्त भएको देखिँदैन।

१९ **गाउँपालिका स्वास्थ्य तर्फ**

नेपाल सरकारको आर्थिक वर्ष २०७५।७६ को आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने नीति तथा कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन, २०८१) को बुँदा नं. ५(४) मा १ जना हेल्थ असिस्टेण्ट वा अ.हे.व. १ जना स्टाफ नर्स वा अ.न.मी. १ जना र चौविसै घण्टा प्रसुती सेवा वर्थिङ सेन्टर सञ्चालनको लागी थप १ जना स्टाफ नर्स वा अ.न.मी. तथा कार्यालय सहयोगी १ समेत गरी जम्मा ४ जना करारमा लिई बुँदा नं. ३ अनुसार स्थानीय तहका सबै वडाहरुबाट तोकेको स्वास्थ्य सेवा प्रवाह गर्ने उल्लेख छ। गाउँपालिकामा वडा नं. १ को बाङ्गेसाल, ३ को हंसपुर र ५ को ढुङ्गेगढी स्वास्थ्य चौकी रहेको र गाउँ कार्यपालिकाको निर्णय अनुसार बाँकी वडा नं. २ को ददेरी, वडा नं.४ को बडडाँडा, वडा नं. ६ को बुढिचौरमा आधारभुत स्वास्थ्य सेवा केन्द्र र १ वटा आँखा स्वास्थ्य सेवा केन्द्रको स्थापना गरेको छ। पालिकाले साविकमा भएका स्वास्थ्य चौकी र दरबन्दी बाहेक आधारभुत स्वास्थ्य सेवा केन्द्र र आँखा स्वास्थ्य सेवा केन्द्र वडा नं २ दर्भानमा अ.हे.ब. अनमी ६/ ६ जना, नेत्र सहायक १ जना र कार्यालय सहयोगी ८ जना समेत २८ स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारी करारमा नियुक्त गरी निजहरुको तलब भत्तामा रु. ७०,४४,७६४.०० खर्च भुक्तानी गरी स्वास्थ्य सेवा प्रवाह गरेको देखियो।

पालिकाबाट यस वर्षमा प्रवाह भएको सेवाको अवस्था देहाय बमोजिम रहेको छ।

| क्र.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | खोपसेवा - पूर्ण खोप | ३५१ |
| २ | परिवार योजना सेवा | ३२४८ |
| ३ | आमा सुरक्षा कार्यक्रम अन्तर्गतका विभिन्न सेवा | ६३७ |
| ४ | क्षयरोग उपचार सेवा | ३३ |
| ५ | मानसिक स्वास्थ्य सेवा | ३३ |
| ५ | नसर्ने रोगको स्क्रिनिङ्गसेवा | १०२८ |
| ६ | नवशिशु/ बालरोग स्वास्थ्य व्यवस्थापन सेवा | २३८७ |
| ७ | पोषण स्वास्थ्य सेवा | ७३७ |
| ८ | किशोर किशोरी कार्यक्रम | २१७० |
| ९ | विद्यालय स्वास्थ्य पोषण कार्यक्रम | ४९४८ |
| १० | महिला स्वास्थ्य स्वयंसेविकाहरुले प्रदान गरेको सेवा | १०९५९ |
| ११ | बहिरङ्गसेवा | २१४१७ |
|  | **जम्मा** | ४७९४८ |

२० **झोलुङ्गे पुल**

लुम्बिनी प्रदेश सरकारको झोलुङ्गे पुल रणनीति, २०८० अनुसार आवश्यक र सम्भाव्य स्थानमा झोलुङ्गे पुलको निर्माण गर्ने, निर्माण सम्पन्न भइसकेका झोलुङ्गे पुलहरुको मर्मत संभार गरी आधारभूत स्तरको यातायात उपलब्ध गराउने तथा झोलुङ्गे पुल कार्यक्रम कार्यान्वयनमा स्थानीय तहलाई सहयोग र समन्वय गर्ने रणनीति रहेको छ। उक्त रणनीति कार्यान्वयन गर्न स्थानीय जनतालाई नदी, खोला तथा खोल्सा तर्न आधा घण्टा भन्दा बढीको फेरो लगाउन नपर्ने गरी आवश्यक र संभाव्य सबै स्थानहरुमा झोलुङ्गे पुलहरु निर्माण गर्ने कार्य ५ वर्षभित्र सम्पन्न गर्ने, निर्माण सम्पन्न झोलुङ्गे पुलको सूचना प्रणाली व्यवस्थित गरी दिगो रुपमा सञ्चालन गर्न नियमित तथा बृहत मर्मतको लागि स्थानीय तहसँग आवश्यक सहकार्य र समन्वय गर्ने कार्यनीति अवलम्वन गर्ने उल्लेख छ। यस आर्थिक वर्षको कार्यपालिकाको मिति २०८१।९।१७ को ५१ औं बैठकको निर्णयानुसार १२ वटा १२० मिटरभन्दा कम र सोभन्दा वढीका ३ पुल स्थानीय पूर्वाधार विकास विभागसँगको समन्वयमा कार्यान्वयनका लागि माग गर्ने निर्णय गरेको देखियो। स्थानीय जनतालाई पहुँच तथा सुविधा सुनिश्चिताको लागि रणनीति अनुसार झोलुङ्गे पुल निर्माण तथा मर्मत गर्न पालिकाले बजेट व्यवस्थापन गर्ने वा संघ तथा प्रदेशवाट अनुदान प्राप्त गरी सोको सहि परिचालन गर्नु पर्दछ।

२१ **छोरी पेवा कार्यक्रम**

लैंगिक समानता र बाल विवाहलाई निरुत्साहित गर्न सरुमारानी छोरी पेवा बचत कोष सञ्चालन कार्यविधि, २०७५ अनुसार पालिकाको कार्यक्षेत्रभित्र जन्मेका छोरीहरुको लागि १० वर्षसम्म पालिकाले प्रति महिना रु.१००.०० र १० वर्ष पश्चात परिवारले ५ प्रतिशत खातामा दाखिला गरी बालिग भएपश्चात उपयोग गर्न पाउने गरी छोरी पेवा बचत कोष कार्यक्रम सुरु भएको देखियो। आर्थिक वर्ष २०७५।७६ मा प्रति महिना रु.१००.०० का दरले पालिकाले दुईवटा सहकारी संस्थासंग सम्झौता गरी बच्चाको व्यक्तिगत खाता खोल्ने र उक्त रकम सम्बन्धितको खातामा दाखिला गर्दै आएकोमा यस आर्थिक वर्षबाट निम्नानुसार रु. ५००.०० का दरले ८९८ छोरीको सहकारी संस्थामा रहेको व्यक्तिगत खातामा रु.१,६८,३०,१००.०० दाखिला गरेको देखियो। पालिकाको वित्तीय क्षमता समेतका आधारमा उल्लेखित प्रकृतिका दीर्घकालिन दायित्व सृजना हुने सामाजिक सुरक्षा लगायतका कार्यक्रम निर्धारण गर्दा संघ तथा प्रदेश तहको कार्यक्रमसँग दोहोरो नपर्ने गरी निर्धारण र कार्यान्वयन हुनु पर्दछ।

| क्र.सं. | संख्या | दर | कुल रकम |
|---|---|---|---|
| २०७५।७६ | ७८ | १०० | ६०६०० |
| २०७६।७७ | १५९ | २०० | ३३३००० |
| २०७७।७८ | २९८ | ३०० | ९७५००० |
| २०७८।७९ | ४७७ | ४०० | २१५४००० |
| २०७९।८० | ६५४ | ४०० | ३७११५०० |
| २०८०।८१ | ७४७ | ५०० | ४३६९००० |
| २०८१।८२ | ८९८ | ५०० | ५२२७००० |
| **जम्मा** | ८९८ | | **१,६८,३०,१००।००** |

## २२ अनुगमन खर्च

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुँदा नं ५६ (१) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने तथा सोहि बुँदाको (५) मा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी खटाउनु पर्ने र त्यसरी कर्मचारी खटाउँदा आवश्यकता औचित्यता र उपयुक्तताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्ने व्यवस्था गरेको छ। पालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि,२०७८ प्रथम संशोधन २०८२ तयार गरी पालिकाबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरुको अनुगमन गर्न पालिकाका उपाध्यक्षको संयोकत्वमा सात सदस्य र वडा स्तरीय अनुगमन समिति वडा अध्यक्षको संयोजकत्वमा छ सदस्य रहेको अनुगमन समितिको व्यवस्था गरेको छ। समितिले अनुगमन सुपरिवेक्षण पश्चात प्रतिवेदन अनिवार्य पेश गर्नुपर्ने व्यवस्था गरेको छ। नमूना छनौट गरी परीक्षण गर्दा पालिकाकाबाट सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरुको अनुगमन गरेवापत समितिलाई भत्ता भुक्तानी हुने गरेको छ । तर अनुगमन गरिएका आयोजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन विस्तृत रुपमा उल्लेख नगरी फरमेट मात्र राखेको देखियो। अनुगमन गर्ने पदाधिकारी तथा कर्मचारीहरुको संख्या पनि आवश्यकता भन्दा बढी मात्रामा सहभागी गराएको देखियो। पालिकाभित्र सञ्चालन गरिएका सामान्य प्रशासनिक प्रकृतिका काममा समेत भत्ता भुक्तानी गर्नु मितव्ययिताका हिसाबले समेत उपयुक्त नदेखिएकोले यस प्रकारका खर्चमा नियन्त्रण गरी मितव्ययीता कायम हुनु पर्दछ ।

| गो.भौ.नं. | विवरण | खर्च रकम रु. |
|---|---|---|
| ८४९।०८२।३।२१ | पालिका स्तरीय योजनाहरुको अनुगमन मूल्याङ्कन समितिको भत्ता भुक्तानी | २,५८,०००।०० |
| ८५०।०८२।३।२२ | वडा स्तरीय योजना अनुगमन समितिको भत्ता भुक्तानी | ६,००,६००।०० |
| ३०८।०८१।११।१४ | पालिका स्तरीय योजनाहरुको अनुगम मूल्याङ्कन समितिको भत्ता भुक्तानी | १,०५,०००।०० |

## २३ बैठक भत्ता

नेपाल सरकार अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका,२०८१ को बुँदा नं. ४५ मा बैठक भत्ता सम्बन्धी मापदण्डको व्यवस्था गरेको छ । जसमा बैठक भत्ता प्रदान गर्ने आधारहरुमा बैठकको आवश्यकता औचित्य र उपयुक्तता लगायतका विषयवस्तु स्पष्ट भएको हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने लगायतका आधारहरु उल्लेख गरेको छ । पालिकाले देहायको गोश्वरा भौचरबाट तीन सदस्यीय विपन्न नागरिक औषधि उपचार सिफारिस समितिको बैठक बसेको माइन्युट समावेश गरी बैठक भत्ता खर्च लेखेको छ। यसरी बसेको बैठकबाट १ जना विपन्न नागरिक उपचार सिफारिस गर्ने गरेको देखियो। यसरी बैठकको आवश्यकता औचित्यता र उपयुक्तताको हिसाबले समेत यस्ता बैठकको भत्ता भुक्तानी गर्नु उपयुक्त नदेखिएकोले यस्ता खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| गो. भौ. नं. | बैठक संख्या | भुक्तानी रकम |
|---|---|---|
| ८८०।०८२।३।२३ | २७ | १०४०००।०० |

२४ **पदाधिकारीको सुविधा सार्वजनिकरण**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन,२०७७ को दफा १५ मा पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुबिधाहरुको विवरण तीन-तीन महिनामा सम्बन्धित स्थानीय तहले सार्बजनिक गर्नु पर्ने व्यवस्था छ। तर गाउँपालिकाले ऐनमा भएको व्यवस्था अनुसार पदाधिकारी तथा सदस्यहरुले प्राप्त गरेको सुबिधा सार्वजनिक गरेको नदेखिएकोले कानूनको पालना गर्नु पर्दछ।

२५ **अनुगमन भत्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न वडामा सञ्चालन भएका पशु स्वास्थ्य तथा बाली उपचार घुम्ती शिविर कार्यक्रमको अनुगमन गरेको भनि देहायका पदाधिकारीलाई अनुगमन भत्ता भुक्तानी गरेको देखियो । तर अनुगमन गर्दा कार्यक्रमको प्रभावकारीताका सम्बन्धमा के देखियो त्यसको प्रतिवेदन पेश भएको देखिएन साथै पालिकाभित्र सञ्चालन गरिने समान्य प्रशासनिक प्रकृतिका कार्यक्रममा समेत अनुगमन भत्ता उपलब्ध गराउने प्रकृयामा नियन्त्रण गरी भुक्तानी गरिएको अनुगमन भत्ता सम्बन्धित पदाधिकारीबाट असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु.

| गो.भौ.नं. | कार्यक्रमको विवरण | नाम | पद | कर पछिको भुक्तानी रकम |
|---|---|---|---|---|
| ६६७।०८२।२।२६ | पशु स्वास्थ्य घुम्ती शिविर | बसन्ता खड्का | उपाध्यक्ष | २५५० |
| ,, | ,, | त्रिबिक्रम खड्का | प्र प्र अ | ३४०० |
| ,, | ,, | भिम बहादुर मर्सागी | वडा अध्यक्ष ३ नं | ८५० |
| ,, | ,, | मो. हलिम हलुवाई | आ. वि . स . संयोजक | २५५० |
| ,, | ,, | भानुभक्त भुषाल | वडा अध्यक्ष २ नं | ८५० |
| ,, | ,, | लक्ष्मण आचार्य | प्र अधिकृत | १७०० |
| ,, | ,, | टोप बहादुर शाही | ले अ | २५५० |
| ६६६।०८२।२।२६ | बाली उपचार घुम्ती शिबिर | त्रिबिक्रम खडका | प्र प्र अ | १७०० |
| ,, | ,, | चिन्त बहादुर सोमे मगर | वडा अध्यक्ष ४ नं | ८५० |
| ,, | ,, | नर बहादुर घर्ति | वडा अध्यक्ष १ नं | ८५० |
| ,, | ,, | मिन्टु कुमार गुरुङ | वडा सदस्य २ नं | ८५० |
| ,, | ,, | नम बहादुर उलुंगे | वडा सदस्य ६ नं | ८५० |
| ६७७।०८२।३।२ | वडा स्तरीय कानूनी सचेतना | बसन्ता खड्का | उपाध्यक्ष | ३४०० |
| ,, | ,, | भोज बहादुर सारु मगर | न्या. स . सदस्य | २५५० |
| ,, | ,, | मनिषा गुरुङ | न्या. स . सदस्य | २५५० |
| ,, | ,, | टोप बहादुर शाही | ले. अ . | १७०० |
| ७२३।०८२।३।८ | मेल मेलमिलाप सम्बन्धी पूर्नताजगी तालिम तथा अभिमुखिकरण | बसन्ता खड्का | उपाध्यक्ष | २५५० |
| ,, | ,, | भोज बहादुर सारु मगर | न्या. स . सदस्य | २५५० |
| ,, | ,, | मनिषा गुरुङ | न्या. स . सदस्य | २५५० |
| ,, | जम्मा रु. | | | ३७,४००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,४०० |

२६ **सञ्चालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्वीकृत भएको बजेट दफा ७३(६) अनुसार प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले सार्वजनिक खर्चमा नियमितता, मितव्ययिता, कार्यदक्षता , प्रभावकारिता र औचित्य कायम गर्न सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,

२०७७ जारी गरी कार्यान्वियनमा ल्याएकोमा निम्नानुसार खर्च शीर्षकमा भएको आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको खर्चको अवस्था निम्नानुसार रहेको छ।

| क्र.सं. | खर्च शीर्षक र आर्थिक वर्ष | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|
| १ | अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च | ५५६३037 | ४०००००० | ४१४५२९० |
| २ | फिल्ड भत्ता | 0 | 0 | 0 |
| ३ | अतिरिक्त समयकामकाज प्रोत्साहन भत्ता | 0 | 0 | 0 |
| ४ | बैठक भत्ता- पदाधिकारी तथा कर्मचारी | १६१०२४८ | १२४९०९२ | १६७५००० |
| ६ | मसलन्द तथा कार्यालय सामाग्री | ३०००००० | ३३५०००० | २९९५०३४ |
| ७ | इन्धन (कार्यालय प्रयोजन) | १८०९९४७ | २०५५००० | २०१४३७१ |
| ८ | विविध खर्च- अतिथि सत्कार समेत | १११४८५९६ | २०९५३३१ | १९०९७६० |
| | **जम्मा** | **२३१३१८२८** | **१२७४९४२३** | **१२६३९४५५** |

२६.१ अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च

भ्रमण खर्च नियमावली,२०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने, नियम १८ मा भ्रमण सम्बन्धी बिल भर्पाईहरु र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले यो वर्ष दैनिक भ्रमण, अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकमा रु.४१,४५,२९०.00 खर्च गरेको छ । भ्रमण आदेश तथा अनुगमन खर्चका बिल भर्पाई र प्रतिवेदन नमूना छनौट गरी परीक्षण गर्दा भ्रमणको उदेश्य स्पष्ट नहुने तथा भ्रमण प्रतिवेदन पूर्ण रुपमा पेश हुने नगरेको लगायतका कैफियत देखिएकोले भ्रमण तथा अनुगमन प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी उद्देश्य वेगरको भ्रमण खर्चमा नियन्त्रण गरी यस प्रकारका प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२६.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान, आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्च शीर्षकमा वडा तर्फ बाहेक रु.१९,०९,७६०.00 खर्च गरेको छ । यस मध्ये पालिकाले कार्यपालिका तथा कर्मचारीका विभिन्न बैठक, फिल्ड अनुगमन, कार्यालय समय अघिपछि बसी कार्य गरेको, अथिति सत्कारमा हुने चिया, खाजा, खाना लगायतमा खर्च भएको उल्लेख गरेको छ । नमूना छनौट गरी परीक्षण गर्दा विविध खर्च कुन कुन कार्यक्रम वा प्रयोजनमा खर्च भएको हो सबै गोश्वरा भौचर तथा बिल भरपाईमा विस्तृत रुपमा खुलाउने गरेको देखिएन । अतः पालिकाले विविध खर्च गर्दा आफ्नो आन्तरिक आयको परिधिभित्र रही तथा प्रयोजन खुलाएर मात्र खर्च गरी यस्ता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

२६.३ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७७ को दफा ४ (१) (२) (३) र (४) मा पदाधिकारीहरुको यातायात सुविधा सम्बन्धी व्यवस्था छ। सवारी साधन उपलब्ध गराएको अवस्थामा अनुसूचीमा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराउने उल्लेख छ। पालिका अन्तर्गत पिकअप भ्यान-२, मोटरसाइकल-१८ र स्कुटर-२ थान रहेका छन। पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु.१७,०६,४८९।०० र इन्धनमा रु.२०,१४,३७१।०० खर्च गरेको छ। मेशिनरी औजार तथा सवारी साधन

मर्मत गर्दा महालेखापरीक्षकबाट स्वीकृत भएका म.ले.प. फाराम मर्मत आवेदन तथा आदेश फाराम ४१४, मर्मत सम्पन्न ४१४(क) र मर्मत अभिलेख खाता ४१५ व्यवस्थित रुपमा राखी यसप्रकारको कार्यसञ्चालन खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२७ **अवलोकन भ्रमण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गतको न्यायिक समितिका सदस्य, कार्यपालिका सदस्य र सचिवालयका कर्मचारी सहित १७ जनाको कर्णाली तथा सुदूर पश्चिम प्रदेशका बिभिन्न स्थानीय तहहरुमा अध्ययन अवलोकन भ्रमण कार्यक्रमका लागि गो.भौ.नं. २००।०८१।१०।९ बाट रु.२,४९,४८०।०० खर्च भुक्तानी गरेको छ। पेश भएका बिल भरपाई तथा भ्रमण प्रतिवेदन परीक्षण गर्दा सहभागीहरुको दैनिक हाजिरी नगराएको, उक्त भ्रमणबाट के सिकाइ भयो सो कुरा प्रतिवेदनमा खुलाएको पाइएन । यसरी भ्रमण गर्दा पालिकाले कुनु कुन खर्च व्यहोर्ने त्यसको कार्यविधि वा मापदण्ड तयार गरेको देखिएन । पालिकाले यस प्रकारका खर्च गर्दा मापदण्ड तथा कार्यविधि तयार गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२८ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले यस वर्ष कृषि तथा पशु विकास अन्तर्गत देहाय अनुसारको कार्यक्रममा रु.३७,८१,०२७।०० अनुदान खर्च भुक्तानी गरेको छ। पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन नगरेको तथा अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तयार गरेको देखिएन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपन नहुने गरी अभिलेख राख्नुपर्ने र सो अनुदान पाउने व्यक्ति वा समूहको नामनामेशी सार्वजनिकरण गरी अनुदान प्राप्त व्यक्तिहरुले दीर्घकालिन रोजगारी सिर्जना गरी प्रतिफल प्राप्त गरे नगरेको विश्लेषण गरी सुनिश्चित गर्नुपर्दछ ।

| अनुदान वितरण संख्या | विवरण | अनुदान किसिम | भुक्तानी रकम रु |
|---|---|---|---|
| विभिन्न व्यक्तिलाई | बाख्राको खोर निर्माण तथा भकारो सुधार कार्य | ५० प्रतिशत | १५३४०८५।०० |
| ६ वटा समूह | मौरीको घार, मौरी कुटपोलन , मह क्यान्डी , बाल्टी महदानी र मह बट्टा | १०० प्रतिशत | ८८८३३१।०० |
| १८ परिवार | मिनिटिलर | ५० प्रतिशत | ४८५१००।०० |
| ७६ परिवार | करेसाबारी सिँचाईका लागि मोटर पाइप वितरण | ९० प्रतिशत | ८७३५११।०० |

२९ **खरिद समितिको बैठक भत्ता**

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुँदा नं. ४५ मा बैठक भत्ता सम्बन्धी मापदण्डको व्यवस्था गरेको छ ।जसमा बैठक भत्ता प्रदान गर्ने आधारहरुमा बैठकको आवश्यकता औचित्य र उपयुक्तता लगायतका विषयवस्तु स्पष्ट भएको हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने लगायतका आधारहरु उल्लेख गरेको छ ।पालिकाले गो भौ नं ७७६।०८२।३।१३ बाट भुक्तानी भएको बैठक भत्ताको माइन्युट परीक्षण गर्दा सोझै वा कोटेशन माग गरी खरिद गरेको अवस्थाको समेत दरभाउपत्र मूल्याङ्कन गरेको माइन्युट समावेश गरी बैठक भत्ता भुक्तानी गरेको देखियो ।यसरी सोझै खरिद गरेको अवस्थाको बैठक भत्ता बैठकको आवश्यकता, औचित्य र उपयुक्तता आधारमा समेत बैठक भत्ता भुक्तानी गर्न मनासिव नदेखिएकोले यस प्रकारका बैठकको भत्ता भुक्तानीमा नियन्त्रण गरी देहायका कर्मचारीहरुलाई भुक्तानी भएको रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| सि न | नाम थर | पद | बैठक संख्या | दर | कर कट्टी पछिको भुक्तानी रु |
|---|---|---|---|---|---|
| १ | त्रिबिक्रम खडका | प्र. प्र . अ . | १३ | १००० | ११०५० |
| २ | लक्ष्मण आचार्य | प्रशासन शा. प्रमुख | १४ | ,, | ११९०० |
| ३ | टोप बहादुर शाही | ले अ | १३ | ,, | ११०५० |
| ४ | सुभाष गौतम | ईन्जिनियर | १३ | ,, | ११०५० |
| ५ | तेजेन्द्र भण्डारी | योजना शाखा | १४ | ,, | ११९०० |
| ६ | शिवराज न्यौपाने | सू प्र अ | २ | ,, | १७०० |
| ७ | इश्वर जि. सी. | कृषि अधिकृत | ४ | ,, | ३४०० |
| ८ | लिलाराम सोमै मगर | जिन्सी शाखा | १४ | ,, | ११९०० |
| ९ | पुष्पलाल शाही | शिक्षा अधिकृत | २ | ,, | १७०० |
| १० | केशव गिरी | प से प्रा | २ | ,, | १७०० |
| ११ | केशव बहादुर दर्लामी | अ सव | ३ | ,, | २५५० |
| १२ | देउमान सोमै मगर | एम आइ एस | ४ | ,, | ३४०० |
| १३ | डिल प्रसाद श्रेष्ठ | का स | ११ | | ९३५० |
| | | | | | ९२,६५०।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,६५० |

३० **शिक्षक अभिलेख व्यवस्थापन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत तर्फको आधारभूत तथा माध्यमिक तह सम्मको विद्यालयको अभिलेख राख्ने, मूल्यांकन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्नपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित संघीय, प्रदेश अनुदान तथा आन्तरिक स्रोतबाट तलब भत्ता खाने, वैकल्पिक शिक्षा सिकाई केन्द्र, सामुदायिक बालविकास केन्द्र तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको अवकाश, सरुवा, कार्यरत सम्पूर्ण शिक्षकहरुको नियुक्ति, विदा तथा राजिनामा सम्बन्धी विवरण प्रमाणित गरी अभिलेख राख्नुपर्नेमा सो राखेको देखिएन । लेखापरीक्षणको क्रममा केही शिक्षकहरुको अभिलेख प्राप्त भएपनि सबै शिक्षकहरुको अभिलेख प्राप्त गर्न सकिएन । पालिकाले सबै शिक्षकहरुको उपरोक्त अनुसारको व्यक्तिगत अभिलेख अद्यावधिक तथा प्रमाणित गरी राख्नुपर्दछ ।

३१ **संस्थागत विद्यालयको अनुगमन**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक तथा निजी आधारभूत तथा माध्यमिक तहसम्मको विद्यालयको अभिलेख राख्ने, पालिकाको शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने व्यवस्था छ । तर पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरेको देखिएन । पालिकाले अनुगमन सम्बन्धी मापदण्ड तयार गरी संस्थागत विद्यालयहरुले शुल्क निर्धारण तोकिए बमोजिम भए-नभएको अनुगमन गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

३२ **प्राविधिक धारको विद्यालय अनुदानः**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.५० मा प्राविधिक धारको विद्यालयलाई प्रति विद्यार्थी रु १५००० का दरले अनुदान रकम उपलब्ध गराउनुपर्दछ।पालिकाले श्री सरस्वती माध्यमिक विद्यालय बाङ्गेसाललाई ९१ विद्यार्थीको प्रति विद्यार्थी

रु.१५००० का दरले जम्मा रु १३६५००० अनुदान उपलब्ध गराएको छ। विद्यालयले अनुदानबाट दोहोरो नपर्नेगरी छात्रवृत्तीमा खर्च गर्न सक्ने व्यवस्था रहेको छ।

३२.१ कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।०८२ को क्रियाकलाप नं २.७.१३.५०मा शिक्षण सिकाई तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि कक्षा ९ र १० का लागि प्रति विद्यार्थी रु.२०० का दरले तथा कक्षा ११ र १२ का लागि प्रति विद्यार्थी रु.२५० का दरले अनुदान दिन सकिने व्यवस्था रहेको छ। पालिकाले गो. भौ. नं. ६६/२०८१।९।१८ मा प्राविधिक धार तर्फको विद्यालय श्री सरस्वती माध्यमिक विद्यालय बाङ्गेसाल समेतलाई शिक्षण सिकाई तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि रु.२७,२२,०३४.०० निकासा गरेको छ। प्राविधिक धारका विद्यालयका लागि सोही प्रकृतिको अनुदान अन्य शीर्षकबाट समेत भुक्तानी भएकोले प्राविधिक धारका ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थी बाहेकलाई भुक्तानी हुनुपर्नेमा कक्षा (९-१०) का ७४ जनालाई प्रति विद्यार्थी रु.२०० का दरले रु.१४८०० र कक्षा (११-१२) का १७ जनालाई प्रति विद्यार्थी रु.२५० का दरले रु.४२५० समेत रु.१९,०५०.00 विद्यालयको खातामा निकासा भएको देखिएकोले यसरी दोहोरो निकासा रकम विद्यालयबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,०५० |

३२.२ कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं २.७.१३.५० मा व्यवहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति विद्यार्थी रु.१५००० का दरले अनुदान निकासा गर्नुपर्ने व्यवस्था रहेको छ।साथै कक्षा १० र ११ पछि ३ महिना र कक्षा १२ पछि ६ महिना व्यवहारिक अभ्यास गराउने र सो बापत प्रति महिना रु.१००० दरले रकम सम्बन्धित विद्यार्थीको बैक खातामा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। श्री सरस्वती माध्यमिक विद्यालय बाङ्गेसालमा कक्षा ९ का ३९ जना , कक्षा १० का ३५ जना, कक्षा ११ का ५ जना र कक्षा १२ का १२ जना गरी जम्मा ९१ जना विद्यार्थीको 0JT बापतको रकम प्रति विद्यार्थी मासिक रु.१५००० का दरले रु.१३,६५,००० विद्यालय खातामा निकासा भएकोँ छ।विद्यालयले कक्षा १० र ११ पछि ३ महिनाको मासिक रु. १००० को दरले र कक्षा १२ पछि मासिक १००० का दरले ६ महिनाको अनुदान रकम सम्बन्धित विद्यार्थीको खातामा जम्मा गर्नुपर्नेमा सो गरेको पाईएन । कक्षा १० मा अध्ययनरत ३५ जना र कक्षा ११ का ५ जनालाई प्रति विद्यार्थी रु.१००० का दरले ३ महिनाको रु. १,२०,००० र कक्षा १२ का १२ विद्यार्थीको प्रति विद्यार्थी मासिक १००० का दरले ६ महिनाको रु.७२,००० समेत रु.१,९२,००० विद्यार्थीको खातामा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा विद्यालयबाट असुल गरी संघीय राजश्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९२,००० |

३३ **निशुल्क पाठ्यपुस्तक वितरण**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धी व्यवस्था रहेको छ । एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तकको मूल्यसूचीको आधारमा पाठ्यपुस्तकको अनुदान विद्यालयको खातामा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस वर्ष कुनैपनि विद्यालयको सत्यापन कार्य गरेको पाईएन। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्यांकको आधारमा २९ वटा विद्यालयलाई पहिलो पटक ७५ प्रतिसत रु.३४,०८,६५४। र बाँकी नपुग २५ प्रतिशत रु.२,४७,४४३। र स्थानीय पाठ्यपुस्तक छपाई रु.८,९८,९०३। समेत रु.४५,५५,०००। निकासा भएको पाईयो । यसरी सत्यापन नभएको अवस्थामा विद्यार्थी संख्या एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्यांक बराबर छन् भन्ने विषयमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । पालिकाले निकासा दिएको रकमबाट सबै विद्यार्थीहरुले समयमा नै पाठ्यपुस्तक पाएनपाएको तथा पालिकाबाट निकाशा भएको रकमको उद्देश्य अनुसार कार्य भए नभएको यकिन गरी अनुगमन प्रतिवेदन संलग्न राख्नुपर्दछ ।

३३.१ कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं २.४.६.१को उप कृयाकलाप नं ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा कक्षा १ देखि १० का लागि शैक्षिक सत्र सुरु हुनुभन्दा ३ महिना अगावै विद्यालयको खातामा अनुदान दिने उल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०८२ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ ।उप कृयाकलाप नं ३.१ को बुंदा नं २ मा पाठ्यक्रम विकास केन्द्रले तोकेको मुल्य अनुसारको रकम हिसाब गरी विद्यालयलाई निकासा दिनुपर्ने उल्लेख छ। विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरेको फोटोकपी बिल पेश गरेकोमा सो बिल परीक्षण गर्दा पाठ्यक्रम विकास केन्द्रले कक्षा ७ को १ सेट पुस्तकको मुल्य रु. ७४८ रहेकोमा देहाय बमोजिमका विद्यालयहरुले सो भन्दा बढी (रु.८४८ ) का दरले खरिद गरेको बिल पेश भएको र सोही बमोजिमको निकासा भएको पाईयो।साथै कक्षा ९ र १० को कम्प्युटर को समेत तोकिएको भन्दा बढी मुल्यको पुस्तकका लागि विद्यालयलाई निकासा भएकोले विद्यालयबाट असुल गरी संघीय राजस्व खातामा दाखिला हुनुपर्ने रु.

| सि. नं | विद्यालयको नाम | कक्षा ७ का विद्यार्थी संख्या | विद्यालयले पेश गरेको बिल | पाठ्यक्रम विकास केन्द्रले तोकेको मुल्य | बढी रकम |
|---|---|---|---|---|---|
| १ | सरस्वती मा. वि. बाङ्गेसाल | ९० | ८४८ | ७४८ | ९००० |
| २ | सरस्वती मा. वि. चाभा | ७६ | ८४८ | ७४७ | ७६०० |
| ३ | जनता मा. वि. | ८३ | ८४८ | ७४७ | ८३०० |
| ४ | ने. रा. मा. वि. हंसपुर | ३७ | ८४८ | ७४७ | ३७०० |
| ५ | खड्गेश्वरी मा. वि. | ४६ | ८४८ | ७४७ | ४६०० |
| ६ | श्रमरानी मा. वि. | ८२ | ८४८ | ७४७ | ८२०० |
| ७ | सत्य मा. वि. | ४६ | ८४८ | ७४७ | ४६०० |
| ८ | भिमसेन मा. वि. | ५२ | ८४८ | ७४७ | ५२०० |
| ९ | बालबिकास मा. वि. | २७ | ८४८ | ७४७ | २७०० |
| | जम्मा रु. | ५३९ | | | ५३९०० |
| सि. नं | विद्यालयको नाम | कक्षा ९ का कम्प्युटर पढ्ने विद्यार्थी संख्या | विद्यालयले पेश गरेको बिल | पाठ्यक्रम विकास केन्द्रले तोकेको मुल्य | बढी रकम |
| १ | सरस्वती मा वि बाङ्गेसाल | ९ | ३२६ | १३८.६ | १६८६ |
| २ | सरस्वती मा वि चाभा | ६ | ३२६ | १३८.६ | ११२४ |
| | जम्मा रु. | | | | २८१० |
| | | कक्षा १० का कम्प्युटर पढ्ने विद्यार्थी संख्या | | | |
| १ | सरस्वती मा वि बाङ्गेसाल | १० | २८७ | ८६.४ | २००६ |
| २ | सरस्वती मा वि चाभा | ६ | २८७ | ८६.४ | १२०३ |
| | जम्मा रु. | | | | ३२०९ |
| | कूल जम्मा रु. | | | | ५९,९१९.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,९१९ |

३३.२ कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं २.४.६.१ को उपकृयाकलाप नं ३.१ को बुंदा नं २ मा पाठ्यक्रम विकास केन्द्रद्वारा तोकिएको मुल्य अनुसारको रकम हिसाब गरी विद्यालयलाई निकासा दिनुपर्ने उल्लेख छ। विद्यालयले पाठ्यपुस्तक खरिद गरेको फोटोकपी बिल पेश गरेको छ। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (**IEMIS**) मा प्रविष्टि तथ्यांक र विद्यालयले खरिद गरेको पुस्तकको बिल परीक्षण गर्दा श्री सरस्वती माध्यमिक विद्यालय बाङ्गेसाललाई रु.५,७७,८३८.00 निकासा हुनुपर्नेमा रु.६,५८,०४८.00 निकासा भएको देखिएकोले बढी निकासा भएको रु.८०,२१०.00 मध्ये विद्यालयले बढी भूक्तानी भएको रु.२०,४१२.00 फिर्ता गरेको छ । साथै कक्षा ७ मा बढी दर प्रयोग भएको र कक्षा ९ र १० को कम्प्युटर विषयको बढी दरले भुक्तानी

भएको जम्मा रु.१२,६९२.00 र फिर्ता गरेको रकम रु.२०,४१२.०० समेत रु.३३,१०४.०० घटाई बाँकी रु.४७,१०६.०० असुल गरी संघीय राजस्व दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,१०६ |

३३.३ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को कृयाकलाप नं २.४.६.२ को उपकृयाकलाप नं ३.१ मा सबै सामुदायिक विद्यालयका कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था रहेको छ। विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११ र १२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिकमा विद्यालयको खातामा अनुदान दिने व्यवस्था छ। पालिकाले कक्षा ११ र १२ सञ्चालन भएको श्री सरस्वती मा. वि. बाङ्गेसाल र श्री सरस्वती मा. वि. चाभामा कक्षा ११ र १२ का विद्यार्थीको लागि निशुल्क पाठ्यपुस्तक वितरणका लागि आर्थिक वर्षको अन्तमा अनुदान निकासा गरेको छ। यसरी उपलब्ध गराएको अनुदानले २०८२ सालमा भर्ना हुने विद्यार्थीका लागि पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको छ। २०८२ को कक्षा ११ का विद्यार्थीको भाद्रबाट मात्र भर्ना सुरु भएको पाईयो तर देहायका विद्यालयहरुले एस ई ई को नतिजा प्रकाशन हुनुपुर्व (जेठ महिनामा) मा नै अनुमानका आधारमा कक्षा ११ का विद्यार्थीको लागि विद्यालयले पाठ्यपुस्तक खरिद गरेको बिल पेश गरेका छन। विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई लेखापरीक्षणको समयसम्म समेत पेश भएको छैन। विद्यार्थी भर्ना हुनु अगाबै खरिद गरेको पाठ्यपुस्तकको आधारमा पालिकाले विद्यालयहरुलाई अनुदान प्रदान गरेको छ।हालसम्म पनि पालिकाबाट ती विद्यालयहरुमा कक्षा ११ मा कति विद्यार्थी भर्ना भए, पालिकाले दिएको पाठ्यपुस्तक अनुदानको सही सदुपयोग भए नभएको विषयमा अनुगमन गरेको पाईएन। अनुदान दिएको संख्यामा विद्यार्थी संख्या भए नभएको र विद्यार्थीलाई पाठ्यपुस्तकको अभाव भए नभएको सुनिश्चित गरि प्रतिवेदन पेश हुनुपर्दछ। यसरी विद्यार्थी भर्ना हुनुपुर्व पाठ्यपुस्तक खरिद गरेको बिल पेश गरी अनुदान भुक्तानि भएको नियम सम्मत नदेखिएको रु.

| सि. नं. | विद्यालयको नाम | खरिद मिति | निकाशा रकम |
|---|---|---|---|
| १ | श्री सरस्वती माध्यमिक विद्यालय बाङ्गेसाल | २०८२/२/१६ | ३२६५५ |
| २ | श्री सरस्वती माध्यमिक विद्यालय चाभा | २०८२/२/१८ | २५४९६ |
| | जम्मा रु. | | ५८,१५१.00 |

| | |
|---|---|
| अनियमित भएको | ५८,१५१ |

३४ **पोशाक भत्ताः**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को २.२ मा शिक्षकको तलब तथा सेवा सुविधा सम्बन्धी विवरणको द्रष्टव्यको बुँदा नं ३ मा शिक्षक कर्मचारीको पोसाक भत्ता चैत्र महिनाको तलबसँगै उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यस आर्थिक वर्षको २०८१ चैत्रमा उपलब्ध पोसाक सुविधा आगामी शैक्षिक सत्र २०८२ मा विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि भएकाले दोहोरो नपर्नेगरी उपलब्ध गराउनुपर्ने उल्लेख छ।पालिकाले श्री सरस्वती मा.वि. बाङ्गेसालमा प्राविधिक धारको विषय अध्यापन गर्ने शिक्षक श्री विनोद के.सी. चैत्र १३ गते नियुक्त भएकोले निजलाई २०८२ असारको पारिश्रमिकसंगै रु १०,०००। पोशाक भत्ता उपलब्ध गराएको छ।कार्यविधिले तोके बमोजिमको महिनामा पोशाक भत्ता उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

३५ **दिवा खाजा कार्यक्रमः**

आर्थिक वर्ष २०८१।८२ को कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका अध्ययनरत विद्यार्थीका लागि विद्यार्थीको उपस्थितिका आधारमा प्रति विद्यार्थी रु.१५।०० का दरले दिवा खाजा कार्यक्रमको रकम विद्यालयको खातामा निकासा हुने व्यवस्था छ । पालिकाले आ.व. २०८१।८२ मा दिवा खाजाको रकम २९ सामुदायिक विद्यालयको खातामा रु. ८७ लाख ६५ हजार ७३२ निकासा गरेको छ । पालिकाले उपलब्ध गराएको दिवा खाजा सम्बन्धी विवरणमा देहाय बमोजिम विद्यालयहरुले परीक्षाको समयमा समेत दिवा खाजा वापतको रकम निकाशा गरेको पाईयो। परीक्षा सञ्चालनको समयमा खाजा खुवाएको सम्बन्धमा पालिकाले अनुगमन

गरी प्रतिवेदन पेश गरेको देखिएन। तसर्थ पालिकाबाट अनुगमन गरि परीक्षाको समयमा समेत खाजा खुवाए नखुवाएको एकीन गरी प्रतिवेदन संलग्न गर्नु पर्दछ।

| क्र.सं. | विद्यालयको नाम | जम्मा | दर | प्रथम त्रैमासिक ४ दिन | द्वितिय त्रैमासिक ६ दिन | वार्षिक परिक्षा ६ दिन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ऐश्वर्य प्रा.वि.भिङ्ग्रीखोला | १४१ | १५ | ८४६० | १२६९० | १२६९० | ३३८४० |
| २ | अमरज्योती प्रा.वि.राङवाङ | ५२ | १५ | ३१२० | ४६८० | ४६८० | १२४८० |
| ३ | बाल विकास आ.वि. गनाहा | १३९ | १५ | ८३४० | १२५१० | १२५१० | ३३३६० |
| ४ | बालकल्याण प्रा.वि.सजिकोट | ८६ | १५ | ५१६० | ७७४० | ७७४० | २०६४० |
| ५ | भिमसेन मा.वि.जस्पुर | २४२ | १५ | १४५२० | २१७८० | २१७८० | ५८०८० |
| ६ | भुवनेश्वरी प्रा.वि.पाङवाङ | ७० | १५ | ४२०० | ६३०० | ६३०० | १६८०० |
| ७ | बुद्ध प्रा.वि.छतिवनदमार | ४१ | १५ | २४६० | ३६९० | ३६९० | ९८४० |
| ८ | जनता मा.वि. बड्डाँडा | २६१ | १५ | १५६६० | २३४९० | २३४९० | ६२६४० |
| ९ | ज्वालादेवि प्रा.वि.डुम्रङ्गे | ३१ | १५ | १८६० | २७९० | २७९० | ७४४० |
| १० | कालिका प्रा.वि.सिरबारी | ९५ | १५ | ५७०० | ८५५० | ८५५० | २२८०० |
| ११ | कास्कोट इ.मदरसा कास्कोट | २७ | १५ | १६२० | २४३० | २४३० | ६४८० |
| १२ | खड्गेश्वरी मा.वि.दर्भान दर्भान | २३५ | १५ | १४१०० | २११५० | २११५० | ५६४०० |
| १३ | खड्ग ने.रा.प्रा.वि. झिलिवाङ | ८२ | १५ | ४९२० | ७३८० | ७३८० | १९६८० |
| १४ | फैजुलइस्लामिक मदरसा वाङ्गेसाल | ४२ | १५ | २५२० | ३७८० | ३७८० | १००८० |
| १५ | नमुना प्रा.वि.सौराकोट | ३६ | १५ | २१६० | ३२४० | ३२४० | ८६४० |
| १६ | ने.रा.प्रा.वि.पाङकोट | ४० | १५ | २४०० | ३६०० | ३६०० | ९६०० |
| १७ | ने.रा.प्रा.वि.पाखापानी | १२० | १५ | ७२०० | १०८०० | १०८०० | २८८०० |
| १८ | प्रगतिशिल प्रा वि | २३ | १५ | १३८० | २०७० | २०७० | ५५२० |
| १९ | रासी प्रा.वि. दुमही | ३१ | १५ | १८६० | २७९० | २७९० | ७४४० |
| २० | संगम प्रा.वि.बाङ्गेबेसी | २८ | १५ | १६८० | २५२० | २५२० | ६७२० |
| २१ | सरस्वतीमा.वि.बाङ्गेसाल | ६५५ | १५ | ३९३०० | ५८९५० | ५८९५० | १५७२०० |
| २२ | सरस्वती मा.वि.चाभा | १५३ | १५ | ९१८० | १३७७० | १३७७० | ३६७२० |
| २३ | सत्यगोरखनाथ प्रा.वि.सुजिनपुर | ९० | १५ | ५४०० | ८१०० | ८१०० | २१६०० |
| २४ | सत्य मा.वि. ददेरी | १०४ | १५ | ६२४० | ९३६० | ९३६० | २४९६० |
| २५ | श्रमरानी प्रा.वि.मान्द्रे | २२ | १५ | १३२० | १९८० | १९८० | ५२८० |
| २६ | शिवशक्ति प्रा.वि.धनकोट | ३५ | १५ | २१०० | ३१५० | ३१५० | ८४०० |
| २७ | श्रमरानी मा.वि.बुढीचौर | २३७ | १५ | १४२२० | २१३३० | २१३३० | ५६८८० |
| २८ | श्री ने.रा.मा.वि. सरुमारानी,३ हंसपुर | १९३ | १५ | ११५८० | १७३७० | १७३७० | ४६३२० |
| २९ | सुर्योदय ने.रा.प्रा.वि.ढाव | ११२ | १५ | ६७२० | १००८० | १००८० | २६८८० |
| | **जम्मा** | ३४२३ | | २०५३८० | ३०८०७० | ३०८०७० | ८२१५२० |

## ३६ शिक्षण सहयोग अनुदान

कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं २.७.१३.४० मा माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान उपलब्ध गराउदा शुन्य दरबन्दी / राहत अनुदान कोटा भएका विद्यालयलाई न्युनतम ३ ओटा, १ दरबन्दी / राहत अनुदान कोटा भएकालाई २ ओटा र २ दरबन्दी / राहत अनुदान कोटा भएकालाई १ ओटाका दरले साथै (६-८) मा शून्य दरबन्दी भएको विद्यालयलाई १ शिक्षक अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । तर पालिकाले देहायका विद्यालयहरुमा कार्यान्वयन कार्यविधिले व्यवस्था गरेको भन्दा फरक हुनेगरि अनुदान प्रदान गरेको देखिएकोले यसरी भुक्तानी गरिएको रकम नियमसम्मत नदेखिएको रु.

| सि. नं. | विद्यालयको नाम | मा वि / नि मा वि दरबन्दी संख्या | अनुदान संख्या | अनुदान रकम |
|---|---|---|---|---|
| १ | ने. रा. आ. वि. हंशपुर | १ नि. मा. वि. | १ | ४,५१,४९०।०० |

| | |
|---|---|
| अनियमित भएको | ४,५१,४९० |

## ३७ विद्यालय लेखापरीक्षण प्रतिवेदन

कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८०।८१ मा सम्पूर्ण विद्यालयले गरेका आम्दानी तथा खर्चको समयमै लेखापरीक्षण गराउने र सो को प्रतिवेदनको १ प्रति सम्बन्धित पालिकामा पठाउनुपर्ने व्यवस्था रहेको छ।साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ बमोजिम अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ। साथै दफा ९ (२) बमोजिम सशर्त अनुदानको रकम तोकिएको शर्तको अधिनमा रही खर्च गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा विद्यालयले पेश गरेको आ. व. २०८०।८१ को देहायका विद्यालयको लेखापरीक्षण प्रतिवेदन माग गरी परीक्षण गर्दा विद्यालयको खातामा विभिन्न रकम मौज्दात रहेको देखिएकोले सशर्त अनुदान तर्फको खर्च नभई बाँकी रहेको अवस्थामा संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने भएकोले पालिकाले यकिन गरी उक्त रकम सशर्त तर्फको बाँकी भएमा संघीय सञ्चित कोष फिर्ता गरेको प्रमाण पेश गर्नु पर्ने रु.

| सि.नं. | विद्यालयको नाम | शीर्षक | आम्दानी रकम | खर्च रकम | बाकी रकम |
|---|---|---|---|---|---|
| १ | भिमसेन मा वि | बुक कर्नर अनुदान | ११७००० | ९६००० | १९००० |
| २ | शावशक्ति प्रा वि | छात्रवृत्ती अनुदान | १२८०० | ६४०० | ६४०० |
| ३ | श्री सत्यगोरखनाथ आ वि | निशुल्क पाठ्यपुस्तक | ४०६५६ | ३६८७६ | ३७८० |
| ४ | सत्य मा वि | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | २५००० | ३९३६ | २१०६४ |
| | | प्रति विद्यार्थी सिकाई सामाग्री | ७५५०० | ६५४७० | १००३० |
| | | रियल प्लान अनुदान | ५२४३४ | ० | ५२४३४ |
| | जम्मा रु. | | | | ८३५२८ |
| ५ | ऐश्वर्य ने. रा. मा. वि. | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | ५२००० | २२६१५ | २९३८५ |
| | | दिवा खाजा अनुदान | ३७२६६० | ३६७१४० | ५५२० |
| | जम्मा रु. | | | | ३४९०५ |
| | कूल जम्मा रु. | | | | १,४७,६१३.00 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४७,६१३ |

## ३८ नमुना माध्यमिक बिद्यालय लाई अनुदानः

कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१/०८२ को क्रियाकलाप नं २.७.१३.१३ को उप क्रियाकलाप नं ९.५ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनका लागि कार्यसम्पादनमा आधारित अनुदान को बुँदा नं (ख) मा शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय बाहेक सञ्चालित नमुना विद्यालयमा १००० सम्म विद्यार्थी भए रु.१० लाख, १००१ देखि २५०० सम्म विद्यार्थी भए रु.१५ लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस शीर्षकबाट श्री सरस्वती मा. वि. बाङ्गेसाललाई रु.१५ लाख अनुदान उपलब्ध गराएको छ। यस अनुदानको उपयोग गर्दै ५ बर्ष पुरा भएका नमुना विद्यालयमा बाँकी भएको कार्य सम्पन्न गर्न मिल्ने उल्लेख छ। विद्यालयले ५ वर्षमा पुरा हुन बाँकीको विवरण पेश गरेको छैन। विद्यालयले अनुदान रकमबाट ३५ जनालाई विपन्न लक्षित छात्रवृत्ती प्रदान गरेको रु.३५००० को भरपाई पेश, रु.५०००० को ल्यापटप खरिद, आधारभूत सिप विकास कक्षा सञ्चालन गरी रु.१३१७५० भूक्तानि गरेको भरपाई पेश गरेको पाईयो। विद्यालयलाई विपन्न लक्षित छात्रवृत्तिको लागि छुट्टै अनुदान रकम प्रदान गरेको छ। साथै गो. भौ. नं. २८८/२०८२/३/१ मा आधारभूत सिप विकास कक्षा सञ्चालन कक्षा ३ देखि ७ सम्म रियल प्लान अनुदान रु.४५००० समेत प्रदान गरेको छ। एउटै विद्यालयलाई एकै प्रकारका अनुदान विभिन्न शीर्षकबाट उपलब्ध गराएकोले दोहोरो परे नपरेको एकीन गर्नुपर्दछ। स्थानीय तहबाट विद्यालयले सम्झौता अनुरुप कार्यको नियमित अनुगमन गरी कार्य प्रगती केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने साथै विद्यालयमा जीव विज्ञान, रसायन विज्ञान तथा भौतिक विज्ञानको अध्ययनको अवसर सुनिश्चित गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## ३९ शिक्षक दरबन्दी र विद्यार्थी संख्या अनुपात

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा (२) को खण्ड "ज" मा गाउँपालिका र नगरपालिकाको आधारभूत र माध्यामिक शिक्षा अन्तर्गतका काम, कर्तव्य र अधिकार उल्लेख भएको छ। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७५।७७ चलानी नं. ३२९ मिति २०७५।९।१२ को पत्रानुसार समेत साझा अधिकारको विषयमा कानुन बनाउने सन्दर्भमा नेपालको संविधानको धारा ५७(६) मा साझा अधिकारको विषयमा प्रदेश तथा स्थानीय तहले कानुन बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्ने बेहोरा समावेश रहेको अवस्थामा संघीय शिक्षा ऐन नबनेकोले सम्बन्धित तहले कानुन बनाउँदा संघीय सरकारको समन्वयमा मात्र नेपाल सरकारबाट नियुक्त भएका शिक्षक तथा सामुदायिक विद्यालयहरुको व्यवस्थापन र समग्र शिक्षा प्रणालीसँग सम्बन्धित विषयमा उठेका सवालको सहजिकरण गर्दा नेपाल सरकारसँग समन्वय गर्नुपर्ने गरी नेपाल सरकार मन्त्रिस्तरको मिति २०७५।९।१२ को निर्णयको पत्राचार गरेको देखियो।

त्यस्तै पालिकाले शिक्षा नियमावली, २०५९ नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैंतालीस र चालीस हुनु पर्ने व्यवस्था गरेको छ । पालिकावाट प्राप्त विवरण अनुसार २९ विद्यालयमा साविकमा १६६ शिक्षक दरबन्दी रहेकोमा गाउँपालिकाले ६८ थप गरी २३४ दरवन्दी र ६३०५ विद्यार्थी सङ्ख्या रहेको देखिन्छ। पालिकाले साविकको स्वीकृत दरबन्दी भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत ६८ जना शिक्षकलाई बार्षिक रु.२४८४११६.०० संघीय राजस्व बाँडफाँट शीर्षकबाट तलब भत्ता वापत विद्यालयको नाममा अनुदान निकासा दिएको पाईयो । उल्लेखित अनुदान उपलब्ध गराउँदा स्थानीय तहको अधिकार सूचीमा समावेश आधारभूत र माध्यामिक शिक्षाको सम्बन्धमा पालिकाले तयार गरेको गाउपालिका शिक्षा ऐन, २०७५ को दफा ३३ अनुसार गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने व्यवस्था राखी ऐन जारी गरेको पाईयो । ऐनमा विद्यालयको शिक्षाको गुणस्तर कायम हुने गरी दरवन्दी व्यवस्थापन तथा सिर्जना गरेको खुल्ने अध्ययन प्रतिवेदन लगायत अवस्था खुलेको देखिँदैन। पालिका अन्तर्गत रहेका विद्यालयको तह, विद्यार्थी सङ्ख्या, संघीय सरकारको साविकको दरबन्दी तथा पालिकाको अनुदान शिक्षक दरबन्दी अवस्था निम्नानुसार रहेको छ। पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थी संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दी कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । पालिकाबाट प्राप्त विद्यार्थी सङ्ख्या संघीय अनुदान शिक्षक दरबन्दी तथा पालिका अनुदान शिक्षकको अवस्था यस प्रकार रहेको छ ।

| सि. नं. | विद्यालयको नाम | कक्षा सञ्चालन | जम्मा विद्यार्थी सङ्ख्या | संघीय सरकार अनुदान शिक्षक दरबन्दी बा वि सका | पालिका अनुदान शिक्षक दरबन्दी/बा.वि. सका | जम्मा शिक्षक ,कर्मचारी दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | सरस्वतीमा.वि.बाङ्गेसाल | आ वि देखी-१२ | १३४६ | २८ | २ | ३१ |
| २ | खड्ग ने.रा.प्रा.वि. झिलिवाङ | बा वि देखी-५ | ८२ | ४ | १ | ५ |
| ३ | फैजुलइस्लामिक मदरसा वाङ्गेसाल | बा वि देखी-२ | ४२ | ० | २ | २ |
| ४ | खड्गेश्वरी मा.वि.दर्भान दर्भान | बा वि देखी-१० | ४२० | ११ | ७ | १८ |
| ५ | सत्य मा.वि. ददेरी | बा वि देखी-१० | ३२६ | १० | ५ | १५ |
| ६ | बाल विकास आ.वि. गनाहा | बा वि देखी-९ | २२१ | ८ | ३ | ११ |
| ७ | सरस्वती मा.वि.चाभा | बा वि देखी-१२ | ६३४ | १६ | ४ | २० |
| ८ | श्री ने.रा.मा.वि. सरुमारानी,३ हंसपुर | बा वि देखी-१० | ३१४ | ८ | ५ | १३ |
| ९ | सत्यगोरखनाथ प्रा.वि.सुजिनपुर | बा वि-५ | ९० | ४ | १ | ५ |
| १० | बालकल्याण प्रा.वि.सजिकोट | बा वि-५ | ८६ | ५ | ० | ५ |
| ११ | सुर्योदय ने.रा.प्रा.वि.ढाव | बा वि-५ | ११२ | ५ | १ | ६ |
| १२ | राप्ती प्रा.वि. दुमही | बा वि-३ | ३१ | ० | ३ | ३ |
| १३ | संगम प्रा.वि.बाङ्गेबेसी | बा वि-३ | २८ | ० | २ | २ |
| १४ | कास्कोट इ.मदरसा कास्कोट | बा वि-१ | २७ | ० | १ | १ |
| १५ | जनता मा.वि. बड्डाँडा | बा वि-१० | ७१३ | १२ | ७ | १९ |
| १६ | कालिका प्रा.वि.सिरबारी | बा वि-५ | ९५ | ४ | २ | ६ |
| १७ | बुद्ध प्रा.वि.छतिवनदमार | बा वि-५ | ४१ | ३ | १ | ४ |
| १८ | ज्वालादेवि प्रा.वि.डुम्रुङ्गे | बा वि-२ | ३१ | १ | १ | २ |
| १९ | श्रमरानी प्रा.वि.मान्द्रे | बा वि-२ | २२ | १ | १ | २ |
| २० | शिवशक्ति प्रा.वि.धनकोट | बा वि-१ | ३५ | १ | १ | २ |
| २१ | भिमसेन मा.वि.जस्पुर | बा वि-१० | ५२० | १४ | ४ | १८ |
| २२ | ने.रा.प्रा.वि.पाखापानी | बा वि-५ | १४० | ४ | १ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | नमुना प्रा.वि.सौराकोट | बा वि-२ | ३६ | १ | १ | २ |
| २४ | अमरज्योती प्रा.वि.राङवाङ | बा वि-३ | ५२ | १ | ० | १ |
| २५ | श्रमरानी मा.वि.बुढीचौर | बा वि-१० | ६१६ | १३ | ७ | १९ |
| २६ | ऐश्वर्य प्रा.वि.भिङ्ग्रीखोला | बा वि-५ | १४१ | ५ | २ | ७ |
| २७ | भुवनेश्वरी प्रा.वि.पाङवाङ | बा वि-५ | ४१ | ४ | १ | ५ |
| २८ | ने.रा.प्रा.वि.पाङकोट | बा वि-५ | ४० | ३ | १ | ४ |
| २९ | टाकुरा | बा वि देखी-१ | २३ | ० | १ | १ |
| | जम्मा | | ६३०५ | १६६ | ६८ | २३४ |

## ४० तलब बढी निकासा

पालिकाले विद्यालयलाई शिक्षकको तलब भत्ता विद्यालय खातामा पठाईसकेपछि विद्यालयले शिक्षकको तलब बुझेको भरपाई तथा बैंक खातामा पठाएको प्रमाण माग गरी राख्नुपर्दछ। लेखापरीक्षणको क्रममा स्रेस्ता परीक्षण गर्दा देहायका विद्यालयमा शिक्षकको तलब भत्तामा बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गरि राजस्व दाखिला गर्नुपर्ने रु

| सि. नं. | विद्यालयको नाम | शिक्षकको नाम | बढी निकासा रु. | कैफियत |
|---|---|---|---|---|
| १ | श्रमरानी मा वि | लक्ष्मि मल्ल | ३६७५८ | राजिनामा १२।७ मा तलब पुरै महिनाको निकासा भएको |
| २ | खड्गेश्वरी मा वि | ज्योती शर्मा | ४३६८९ | २०८१।५।१६ मा नियुक्ती भएको करार शिक्षकलाई चाडपर्व खर्च निकासा भाएको |
| | | केशव पोख्रेल | ४३६८९ | |
| | जम्मा रु. | | १,२४,१३६।०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२४,१३६ |

## ४१ सेनिटरी प्याड खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालीकाले नियमावलीको व्यवस्था अनुसार रु.९९९६८०.०० को लागत अनुमान तयार गरी ३ वटा फर्मसंग कोटेशन माग गरी कम कवोल गर्ने शिवन्स सेनेटरी नेप्किन उद्योगलाई प्रति प्याकेट रु.६१.९४ का दरले १४२०० प्याकेट प्याडको गो.भौ.१०३।०८१।११। १९ बाट रु.९,९३,८८९.०० भुक्तानी गरेको छ । पालिकाले School Girls Sanitary Napkins 290 mm, 8 pads प्रति प्याकेट रु ६१.९४ का दरले खरिद गरेको छ। बोलपत्रको प्रकृयाबाट खरिद गर्दा प्रतिस्पर्धी मूल्यमा खरिद गर्न सकिने सम्भावना भएकोले कार्यविधिले तोके अनुसारको सेनिटरी प्याड मितव्ययी तरीकाले खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ । खरिद गरिएका सेनिटरी प्याड विभिन्न ९ वटा विद्यालयलाई वितरण गरेकोमा प्राप्त मौज्दातको विवरण यस प्रकार रहेको छ ।

| सि नं | विद्यालयको नाम | वितरण प्याड प्याकेट | विद्यालयमा यस बर्षको मौज्दात प्याड प्याकेट संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सरस्वती मा वि बाङ्गेसाल | २६७० | ० | |
| २ | बालबिकास मा वि गनाहा | ४८० | २४० | |
| ३ | सरस्वती मा वि चाभा | २२५० | ० | |
| ४ | श्रमरानी मा वि बुढीचौर | १२६० | ५० | |
| ५ | सत्य मा वि | १६८० | २१७ | |
| ६ | जनता मा वि | १४१० | ० | |
| ७ | ने रा मा वि हंसपुर | १२६० | १२०४ | २०८० को मौज्दात १६७६ रहेकोले |
| ८ | खड्गेश्वरी मा वि | १६८० | ८४० | |
| ९ | भिमसेन मा वि | १५१० | ० | |
| | जम्मा संख्या | १४२०० | २५५१ | |

आर्थिक वर्ष २०८१।८२ मा १४२०० प्याकेट प्याड खरिद गरी वितरणका लागि विद्यालयमा हस्तान्तरण गरेको र अघिल्लो वर्षको मौज्दातको अवस्था एकिन गर्न सकिएन। यस आर्थिक वर्षको अन्त्यमा भने १५८७ प्याकेट विद्यालयमा रहेको विवरण प्राप्त भएको छ । पालिकाले सेनिटरी प्याड खरिद गर्दा वर्ष भरी आवश्यक पर्ने परिमाण एकिन गरी गत वर्षको मौज्दातको अवस्था समेतलाई मध्यनजर गरी आवश्यकताका आधारमा मात्र खरिद कार्य गर्नुपर्ने देखिन्छ

४२ **प्राविधिक भत्ता भूक्तानी**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को २.२ मा शिक्षकको तलब तथा सेवा सुविधा सम्बन्धी विवरणमा प्राविधिक धारमा कक्षा ९ देखि १२ सम्म अध्यापन गराउने शिक्षक तथा सहायक शिक्षकलाई प्राविधिक भत्ता प्रति महिना रु.३०००। दरले १० महिनाको मात्र उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले श्री सरस्वती माध्यमिक विद्यालय बाङ्गेसालमा अध्यापन गराउने देहाय बमोजिमका प्राविधिक धारका शिक्षकहरुको १२ महिनाको प्राविधिक भत्ता निकासा गरेको देखिएकोले बढी निकासा भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| सि. नं. | शिक्षकको नाम | निकासा भएको | निकासा हुनुपर्ने | बढी निकासा |
|---|---|---|---|---|
| १ | एलिना सेन | ३६००० | ३०००० | ६००० |
| २ | पुजा आचार्य | ३६००० | ३०००० | ६००० |
| ३ | लक्ष्मी विष्ट | ३६००० | ३०००० | ६००० |
| ४ | सुमन पाण्डे | ३६००० | ३०००० | ६००० |
| ५ | रेशम योगी | ३६००० | ३०००० | ६००० |
| ६ | मेलिना के. सी. | ३६००० | ३०००० | ६००० |
| | जम्मा रु. | | | ३६,०००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,००० |

४३ **एस. ई. ई. परीक्षाको नतिजाः**

पालिका अन्तर्गतको विद्यालयको शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विषयगत शिक्षक तथा कर्मचारीको तलव भत्ता, पाठ्यपुस्तक, नमुना विद्यालय तथा भौतिक सुविधा लगायतमा अनुदान उपलब्ध गराएको छ। पालिकाबाट प्राप्त विवरण अनुसार निम्न ८ विद्यालयको एस.ई.ई. को नतिजा विश्लेषण गर्दा परीक्षामा सहभागी ३३० जना विद्यार्थी मध्ये ४५.१५ प्रतिशत अर्थात १४९ जना विद्यार्थीमात्र उत्तिर्ण भएको देखियो। उत्तिर्ण मध्ये सबैभन्दा बढी श्री

सत्य मा.वि. ददेरी सरुमारानी- २ बाट ८२.३५ प्रतिशत र सवैभन्दा कम श्री श्रमरानी मा.वि. बुढीचौर सरुमारानी-५ बाट ७.१४ प्रतिशतमात्र उत्तीर्ण भएको देखिएको छ । परीक्षामा सहभागी विद्यार्थीको उत्तीर्ण दर न्यून भएको देखिएकोले पालिकाले विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नेतर्फ विशेष पहल गर्नुपर्ने देखिन्छ ।

| क्र. सं. | विद्यालय | सहभागी विद्यार्थी | उत्तिर्ण विद्यार्थी संख्या | उत्तिर्ण प्रतिशत |
|---|---|---|---|---|
| १ | श्री सत्य मा वि ददेरी सरुमारानी- २(सामुदायिक ) | ३४ | २८ | ८२.३५ |
| २ | श्री सरस्वती मा वि बाङगेसाल सरुमारानी-१(सामुदायिक) | ८० | ४३ | ५३.७५ |
| ३ | श्री ने रा मा वि हंषपुर सरुमारानी -३(सामुदायिक) | १२ | ६ | ५० |
| ४ | श्री जनता मा वि बड्डाँडा सरुमारानी -४(सामुदायिक) | ४८ | १९ | ३९.५८ |
| ५ | श्री खड्गेश्वरी मा वि दर्भान सरुमारानी-२(सामुदायिक) | २४ | १० | ४१.६६ |
| ६ | श्री सरस्वती मा वि चाभा सरुमारानी-३(सामुदायिक) | ५३ | १४ | ३५.८४ |
| ७ | श्री भिमसेन मा वि जस्पुर सरुमारानी-५(सामुदायिक) | ५१ | २९ | ४३.१४ |
| ८ | श्री श्रमरानी मा वि बुढीचौर सरुमारानी-५(सामुदायिक) | २८ | १ | ७.१४ |
| | जम्मा | ३३० | १४९ | ४५.१५ |

## ४४ लघु उद्यमशिल कार्यक्रम

४४.१ लक्षित नेपाली नागरिकलाई लघु उद्यम विकास र प्रवर्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउने उद्देश्यले विभिन्न मोडेलमा आधारित भई सीपमूलक तालिम सञ्चालन गरी सीप क्षमता अभिवृद्धि गर्ने, उद्यमी हुन प्रोत्साहित गर्ने र समग्र आयस्तर तथा जीवनयापनमा सुधार ल्याउने उद्देश्य सहित संघीय सरकारबाट विभिन्न स्थानीय तहलाई लघु उद्यम विकास कार्यक्रम गर्न हस्तान्तरण गरिएको छ। पालिकाले उपलब्ध गराएको कार्यक्रम सम्बन्धी खर्च विवरण निम्न अनुसार रहेको छ।

| कार्यक्रमको नाम | विनियोजन रकम | खर्च रकम | कैफियत |
|---|---|---|---|
| गरीबी निवारणको लागि उद्यमी स्तरोन्नती आवश्यकताको आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम | २४०००० | २४०००० | |
| अति गरिब परिवारहरुका लागि कम्तिमा १० जनाको लागि हुनेगरी साझा सुविधा केन्द्रको स्थापना | ५००००० | ४९६१७८ | |
| सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृध्दि गर्नका लागि कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण | १४०००० | ९९२९५ | |
| लघु उद्यम विकास मोडेलमा नयां लघु उद्यमी सिर्जना गर्ने | ९२०००० | ८६७०९४ | |
| जम्मा रु. | | १७,०२,५६७.00 | |

माथि उल्लेखित खर्चहरु चप्पल बनाउने तालिम, ब्युटी पार्लर तालिम, च्याउ उत्पादन तालिम आदि सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरेको पालिकाले जनाएको छ। गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को बुँदा नं.३९ मा तालिमबाट उत्पादित सामाग्रीको सकेसम्म बिक्री गर्ने र बिक्री हुन नसकेमा विवरण सहित कार्यालयमा स्टोर दाखिला गराउनुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले तालिम सञ्चालनबाट के-कति सामाग्रीहरु उत्पादन भए, सो सामाग्रीहरु के कस्तो अवस्थामा छन, प्रविधि हस्तान्तरणका लागि खरिद सामाग्रीहरु क-कसलाई वितरण गरिए सो सम्बन्धी स्पष्ट अभिलेख राखेको देखिएन।

पालिकाले कार्यक्रम सञ्चालन गर्नुपूर्व सम्पूर्ण कार्यक्रमको योजना स्वीकृत गराउने, सोही अनुसार कार्यक्रम सञ्चालन गरी खर्च विवरण प्रस्तुत गर्ने, कार्यक्रम सञ्चालन निर्देशिकामा तोकिए बमोजिम तालिमबाट उत्पादित सामाग्रीहरुको बिक्री वितरण, स्टोर दाखिला गर्ने,

तथा तालिम समाप्त पश्चात प्राप्त उपलब्धिको लेखाजोखा गरी त्यसको प्रभावकारिता मूल्याङ्कन सम्बन्धमा पालिकाले प्रतिवेदन पेश गर्नुपर्दछ।

४४.२ गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिका,२०७७ को बुँदा नं.४१ मा उद्यमीलाई आवश्यकता अनुसार प्रविधि हस्तान्तरण गर्नुपरेमा प्रविधि बापतको कुल रकमको कम्तीमा २० प्रतिशत रकम उद्यमीको लागत सहभागिता हुने र कार्यालयले अधिकतम ८० प्रतिशत रकम मात्र प्रविधि वापतको रकम आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्ने प्रावधान रहेको छ। प्रविधि हस्तान्तरणतर्फ छनौटमा परेको गो. भौ. नं. ३८३ बाट चप्पल बनाउने मेशीन रु.९९,२९५।०० मा खरिद गरी झिलिवाङ्ग लघु उद्यमी समूहलाई वितरण गरेको पाईयो। प्रविधि हस्तान्तरण गर्दा कूल लागतको २० प्रतिशतले हुने रकम रु.१९८५९।०० झिलिवाङ्ग लघु उद्यमी समूहले लागत सहभागीता बेहोरेको नदेखिएकोले लागत सहभागिता वापतको रकम असुल गरी संघीय राजश्व दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १९,८५९ |
|---|---|

४५ **बढी दरमा भूक्तानी**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुँदा नं ७.१.१५ मा सहायक स्तरको तालिममा प्रशिक्षकको पारिश्रमिक अन्तर्गत कार्यपत्र बापत रु.७०० र कक्षा सञ्चालन बापत रु.६०० गरी जम्मा रु.१३०० भुक्तानी गर्न सकिने व्यवस्था छ । साथै सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम पाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा छनौटमा परेका देहाय बमोजिमका भौचरबाट पालिकाले सञ्चालन गरेको कार्यक्रममा पालिकाकै स्रोत व्यक्तिले कक्षा सञ्चालन गरेकोमा कार्यपत्र र कक्षा सञ्चालन बापत रकम भूक्तानी भएको पाईयो। यसरी निर्देशिकाले तोकेको दर भन्दा बढी दरले भूक्तानी भएको रकम सम्बन्धितबाट कर कट्टी पछिको रकम असुल गरी राजस्व दाखिला गर्नु पर्ने रु.

| गो.भौ.नं. र मिति | स्रोत व्यक्तिको नाम | कक्षा संख्या | भूक्तानि दर | भूक्तानि भएको रकम | भूक्तानि गर्न मिल्ने रकम | बढी भूक्तानि रकम |
|---|---|---|---|---|---|---|
| | सिता वि क | ३ | ३००० | ३००० | २१०० | ९०० |
| | सिता वि क | ६ | १००० | ६००० | ४२०० | १८०० |
| ३३८/०८२/३/११ | सृजना नेपाली | २ | १००० | २००० | १४०० | ६०० |
| ३११/०८२/३/६ | त्रिविक्रम खड्का | २ | १५०० | ३००० | १४०० | १६०० |
| | टोप बहादुर शाहीँ | २ | १५०० | ३००० | १४०० | १६०० |
| | पुष्पलाल शाही | ४ | १५०० | ६००० | २८०० | ३२०० |
| | लालभक्त रोकाय | २ | १५०० | ३००० | १४०० | १६०० |
| ९५/०८१/११/१४ | सन्देश घर्ती | १ | १५०० | १५०० | ७०० | ८०० |
| | जम्मा रु. | | | | | १२१००।०० |

| असुल गर्नुपर्ने | १२,१०० |
|---|---|

४६ **आमा सुरक्षा कार्यक्रम**

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका,२०७८ को बुँदा नं. १६ अनुसार आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन गर्ने स्वास्थ्य संस्थाले प्रदान गरेको आमा सुरक्षा कार्यक्रमको अनुसूची १५ र नवजात शिशु कार्यक्रमको अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी सम्बन्धित तहले मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने उल्लेख छ। पालिकाका वर्थिङ्ग सेन्टरबाट पेश भएको आमा सुरक्षा इकाई मुल्य फाराम (अनुसूची १०) वमोजिम १७९ जनाको सामान्य सुत्केरी गराएको विवरण अनुसार सुत्केरी यातायात खर्च प्रति व्यक्ति रु.२,०००.०० का दरले रु. ३,५८,०००.००, प्रसुती गराए वापत संस्थागत शुल्क प्रति सुत्केरी रु.२,५००.०० का दरले जम्मा रु.४,४७,५००.०० र प्रोटोकल बमोजिम गर्भवती उत्प्रेरणा प्रोत्साहन प्राप्त गरेका१५६

जनालाई रु. ८००.०० का दरले रु. १,२४,८००.०० र ३५ जनाको गर्भपतन बापत रु.८०० का दरले रु.२८,००० समेत रु. ९,५८,३००.०० सोधभर्ना भुक्तानी भएको देखियो। पालिकाले उल्लेखित खर्च मासिक रुपमा सोधभर्ना भुक्तानी गर्दा आमा सुरक्षा कार्यक्रम तर्फ अनुसूची १५ र नवजात शिशु कार्यक्रम तर्फ अनुसूची १६ बमोजिमको चेकलिष्ट प्रयोग गरी अनुगमन तथा सुपरीवेक्षण गरेको प्रमाण समावेश गरेको देखिदैन। पालिकाले उल्लिखित खर्च भुक्तानी गर्दा निर्देशिका अनुसार आमा सुरक्षा कार्यक्रमको अनुसूची १५ बमोजिमको चेकलिष्ट प्रयोग गरी मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण भएको प्रमाण समावेश गर्नु पर्दछ।

४७ **पालिका करार कर्मचारीको खर्च संघिय सशर्तबाट**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २८ बमोजिम अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ। साथै दफा ९ (२) बमोजिम सशर्त अनुदानको रकम तोकिएको शर्तको अधिनमा रही खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमका गो. भौ. बाट गाउँपालिका स्वास्थ्यतर्फका करार कर्मचारीको तलब भत्ता संघीय सशर्त चालुबाट भूक्तानी भएको देखिएकोले पालिकातर्फ खर्च समायोजन गरी संघीय राजस्व दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

| गो भौ नं र मिति | विवरण | सशर्तबाट निकासा रकम रु. | चालुबाट समायोजन भएको रु. | समायोजन हुन बाँकी रु. |
|---|---|---|---|---|
| ८८/०८१/१०/२८ | गा पा चालुतर्फका स्वास्थ्य करार कर्मचारीको माघ महिनाको पारिश्रमिक | ४५१२२० | ० | ० |
| ११६/०८१/१२/२२ | गा पा चालुतर्फका स्वास्थ्य करार कर्मचारीको फाल्गुण महिनाको पारिश्रमिक | ४२९२२० | ० | ० |
| ११८/०८१/१२/२२ | गा पा चालुतर्फका स्वास्थ्य करार कर्मचारीको चैत्र महिनाको पारिश्रमिक | ६५९२२० | ० | ० |
| जम्मा रु. | | १५३९६६० | ० | ० |
| ७३८ चालु | | ० | ७००००० | ० |
| जम्मा बाकी रु. | | | | ८,३९,६६०.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,३९,६६० |

४८ **स्वास्थ्य कार्यक्रम तर्फ**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत दीर्घकालिन तथा मध्यमकालीन योजना बनाइ लागू गर्नुपर्ने र स्वीकृत कार्यक्रम कार्यान्वियन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी त्यस्तो कार्यक्रमको उद्वेश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकूल हुने गरी त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा लागत नबढ्ने गरी त्यस्तो कार्यक्रममा आवश्यक संशोधन गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले सभाबाट पारित निम्नलिखित स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु कार्यपालिकाको निर्णयद्धारा संशोधन गरी खर्च लेखेको देखियो । यसरी पालिकाले आफैले निर्धारण गरेका कार्यक्रमहरु कार्यपालिकाको निर्णयका आधारमा संशोधन गर्दा आवश्यकता, प्राथमिकता, कार्यान्वियनयोग्य तथा बजेटको सुनिश्चितता बिना नै बजेट तथा कार्यक्रम तर्जुमा गरेको र स्थानीय सरकारको कार्यक्षमतामा समेत प्रश्न उत्पन्न हुने भएकाले आगामी दिनमा बजेट तथा कार्यक्रम निर्धारण गर्नु पुर्व नै बजेटमा समावेश गरिने कार्यक्रमको कार्यान्वियन सुनिश्चितता गरी बजेट तथा कार्यक्रम तय गर्नुपर्दछ ।

| संशोधन२०८१।१०।२७ | | | | | | |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य कार्यक्रम | | | | | | |
| सि.नं. | संसोधन | रकम | सि.नं. | कार्यक्रम | रकम | रकमान्तर |
| १ | निःशुल्क क्याल्सियम र फोलिक एसिड चक्कि वितरण कार्यक्रम | ३००००० | १ | औजार उपकरण खरिद | ३००००० | ३००००० |
| २ | मासिकआर्युविदिक क्लिनिक सेवा संचालन तथा औषधि खरिद कार्यक्रम | १००००० | १ | पूर्ण सुरक्षित मातृत्व सेवाका लागि प्रोटोकल अनुसार गर्भजाँचगराएका र संस्थागत प्रसुति सेवामा सेवाग्राही लिएर आएका महिला सामुदायिकस्वास्थ्य स्वयंसेविका यातायात खर्च | ५०००० | ५०००० |
| | | | २ | समयमै गर्भवती जाँच, वृद्धि अनुगमन गराउने, पूर्ण खोप लगाउनेउत्कृष्ठ स्वस्थ बच्चा र आमा छनौट गरि पुरष्कृत गर्ने | ५०००० | ५०००० |
| | | ४००००० | | | ४००००० | ४००००० |
| | | | | | | |
| | | | | | | |
| संशोधन २०८२।०२।०८ | | | | | | |
| स्वास्थ्य | | | | | | |
| सि.नं. | स्वीकृत कार्यक्रम | रकम | सि.नं. | संशोधित कार्यक्रम | रकम | रकमान्तर |
| १ | टि.टि. खोप खरिद | ५०००० | १ | टि.टि. खोप खरिद | ३२९७ | |
| | | | २ | प्रसुति सेवा प्रदायकहरूका लागी नाइट डिउटी प्रोत्साहन खर्च | २०००० | २०००० |
| | | | ३ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका आधारभूत तालिम खानाखर्च | २६७०३ | २६७०३ |
| २ | आँखाउपचार केन्द्र संचालन खर्च | १५०००० | १ | आँखा उपचार केन्द्र संचालन खर्च | ८८१५० | |
| | | | २ | PNC Home Visit कार्यक्रम | ६१८५० | ६१८५० |
| ३ | जेष्ठनागरिक आँखा स्वास्थ्य शिविर संचालन कार्यक्रम | १५०००० | १ | जेष्ठ नागरिक आँखा स्वास्थ्य शिविर संचालन कार्यक्रम | १२२३६५ | |
| | | | २ | मोवाइल स्वास्थ्य कार्यक्रम अर्धवार्षिक समिक्षा तथा संचारखर्च | २७६३५ | २७६३५ |
| ४ | बिभिन्न स्वास्थ्य शिविर कार्यक्रम | ३००००० | १ | बिभिन्न स्वास्थ्य शिविर कार्यक्रम | ८५५०० | |
| | | | २ | प्रसुति सेवामा जटिलता भै प्रेषणका लागि एम्बुलेन्स यातायात सहायता | १६०००० | १६०००० |
| | | | ३ | पाठेघर खस्ने समस्याको शल्यक्रिया शिविरमा सेवाग्राहि खोजपडताल तथाम.स्वा.से. संग अन्तर्क्रिया कार्यक्रम | ५४५०० | ५४५०० |
| ५ | पूर्णसंस्थागत प्रसुति सेवायुक्त पालिका घोषणा कार्यक्रम | ३००००० | १ | आँखा उपचार केन्द्र चस्मा तथा लेन्स खरिद | १००००० | |
| | | | २ | संस्थागत प्रसुति सेवा लिनेहरूका लागी नव-शिशु स्याहार हाइजेनिकसामाग्री तथा सुत्केरी पोषण अण्डा कार्यक्रम | १८०००० | १८०००० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ३ | प्रसुति सेवामा जटिलता भै प्रेषणका लागि एम्बुलेन्स यातायात सहायता | २०००० | २०००० |
| ६ | आधारभूततथा आकस्मिक स्वास्थ्य सेवाको लागि निःशुल्क वितरण औषधि खरिद तथा ढुवानी | १०००००० | १ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि निःशुल्क वितरण औषधिखरिद तथा ढुवानी | ७००००० | |
| | | | २ | मोवाइल स्वास्थ्य कार्यक्रम अर्धवार्षिक समिक्षा तथा संचार खर्च | १५०००० | १५०००० |
| | | | ३ | गाउँघर/ खोप क्लिनिक संचालन यातायात तथा व्यवस्थापन कार्यक्रम | १५०००० | १५०००० |
| | जम्मा | १९५०००० | | जम्मा | १९५०००० | ८५०६८८ |

## ४९ सामाजिक सुरक्षा भत्ता वितरण

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था छ। पालिकाले ज्योती विकास बैंक लि. र प्राइम कमर्सियल बैंक लि. मा रहेको लाभग्राहीको व्यक्तिगत खातामा ४ किस्तामा EFT मार्फत सामाजिक सुरक्षा वापतको रकम निकासा गरी एम.आइ.एस.मा पुर्ण रुपमा विवरण प्रविष्ट गरेको देखिन्छ। यस वर्षको प्रथम किस्ता रु.१,७८,१७,६८६।- र दोश्रो किस्ता रु.१,७९,९९,११९।- तेश्रो किस्ता रु.१,८०,८९,९७१।- र चौथो किस्ता वापत रु.१,८१,९६,२१०।- गरी जम्मा खर्च रु रु.७,२०,९०,४५४।- सामाजिक सुरक्षा भत्ता वापत खर्च भएको देखिन्छ। यो आर्थिक वर्ष लाभग्राहीहरुको कुल संख्यामध्ये १५० जनाको लगत कट्टा भएको छ । वार्षिक सामाजिक सुरक्षा भत्ता निकासाको विवरण निम्नानुसार छः

| | प्रथम त्रैमासिक | | द्धितीय त्रैमामिक | | तृतीय त्रैमासिक | | चतुर्थ त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ९३९ | ११०९६२३३ | ९४३ | १११२६९०७ | ९४२ | १११२९८०१ | ९५५ | ११३१००१४ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १२९ | ९८६८६० | १३४ | १०५३३६० | १३६ | १०८५२८० | १२९ | १०१८१७९ |
| जेष्ठ नागरिक एकल महिला | १४२ | ११२२५२० | १४० | ११०९२२० | १४२ | १११८३०१ | १३६ | १०८५२८० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ३७७ | २९७६५४० | ३८७ | ३०५६३४० | ३९१ | ३१०९५४० | ४०१ | ३१५८७९३ |
| पूर्ण अपाङ्गता भत्ता | ३१ | ३६७०८० | ३१ | ३७१०७० | ३० | ३५५११० | २९ | ३४२७५४ |
| अति अशक्त अपाङ्गता भत्ता | ९५ | ६००२३३ | ९४ | ६०००९६ | ९३ | ५९३७१२ | ९३ | ५९३७१२ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | २५२ | ३८४९३० | २६९ | ३९४८४६ | २७१ | ४१०९४७ | २६२ | ४००१९८ |
| लोपन्मुख जाति | २४ | २८३२९० | २४ | २८७२८० | २४ | २८७२८० | २४ | २८७२८० |
| जम्मा | १९८९ | १७८१७६८६ | २०२२ | १७९९९११९ | २०२९ | १८०८९९७१ | २०२९ | १८१९६२१० |

५० **कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना (हेफर परयोजना)**

गरिबी निवारणका लागि दीर्घकालिन परियोजना सञ्चालन गर्ने उद्देश्यले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्नु रहेको छ।यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आवद्ध महिला लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरु तथा सहकारीमा आबद्ध गरी सामाजिक पूँजीको अभिबृद्धी गर्नु, सुधारिएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट वाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बाख्रा बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण श्रृजना गर्नु रहेको छ। परियोजनाको मुख्य गतिविधिहरुमा पशु खरिद तथा ढुवानी, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र आदि रहेका छन। सरुमारानी कृषि र पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता विकास साझेदारी परियोजना हेफर प्रोजेक्ट नेपाल र सरुमारानी गाउँपालिका विच रु. ३,९२,८५,७१५.०० को लागत साझेदारीमा २०८० मंसिर १३ गते देखि २०८३ असार १६ सम्म कार्यक्रम सन्चालन गर्ने गरि २०८० मंसिर १३ गते सम्झौता भएको देखियो। कुल लागत मध्ये ७० प्रतिसतले हुने रकम रु. २,७५,००,०००.०० पालिकाले र ३० प्रतिसतले हुन आउने रकम रु. १,१७,८५,७१५.०० हेफर प्रोजेक्ट व्यहोर्ने व्यवस्था रहेको छ। परियोजना अन्तरगत २०८१।८२ मा निम्नानुसार रु. ३२,१३,९५२.०८ हेफर प्रोजेक्ट नेपाललाई भुक्तानी गरेको र हेफर प्रोजेक्ट नेपालले सो कार्यमा खर्च गरेको रु. ६४,८३,५४७.०५ समेत कुल रकम रु. ९६,९७,४९९.१३ लगानी भएको छ।

**परियोजनामा भएको खर्चको अवस्था**

| आर्थिक वर्ष | पालिका रु. | हेफर प्रोजेक्ट नेपाल रु. | कुल खर्च रु. |
|---|---|---|---|
| २०८०।८१ | ४९,१९,२१४.०० | २२,८९,९४६.२५ | ७२,०९,१६०.२५ |
| २०८१।८२ | ६४,८३,५४७.०५ | ३२,१३,९५२.०८ | ९६,९७,४९९.१३ |
| **खर्च** | १,१४,०२,७६१.०५ | ५५,०३,८९८.३३ | १,६९,०६,६५९.३८ |
| **प्रतिशत** | **६७.४५** | **३२.५५** | **१००** |

५०.१ **विल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ अनुसार बिल, भरपाई तथा अन्य कागजात सहित आर्थिक कारोबार पुष्टी गर्ने गरी लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। सरुमारानी कृषि र पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता विकास साझेदारी परियोजना हेफर प्रोजेक्ट नेपाल र सरुमारानी गाउँपालिका बीच रु.३,९२,८५,७१५.०० को लागत साझेदारीमा २०८३ असार १६ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी २०८० मंसिर १३ गते सम्झौता भएकोमा उक्त परीयोजनाले स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न ग्रामीण विकास समाज नेपाल, सरुमारानी ३, प्यूठानसँग सम्झौता गरी कार्यक्रम सञ्चालन भएको देखियो। परियोजनाको नामबाट सम्पादन गरेको कार्यको एकमुष्ट बिजक जारी नगरी कृषि तथा पशु विकासका कार्यक्रममा आपुर्तिकर्ता वा लाभग्राहीबाट परियोजनाको नाममा जारी गरेका बिल तथा भरपाई समावेश गरी पेश्की फस्र्योट गरेको अवस्था रहेको छ। पालिकाले सम्झौता गरेको पक्ष हेफर परियोजनाको नामबाट सम्पादन भएको कार्य तर्फ कृषि तथा पशु विकासका कार्यक्रममा सहभागी आपुर्तिकर्ता वा लाभग्राहीबाट परियोजनाको नाममा जारी गरेका बिल तथा भरपाई तथा भुक्तानीमा लाग्ने कर कट्टी दाखिला प्रमाण समावेश गरी पेश्की फस्र्योट गरेको अवस्था छ। कार्यक्रमबाट सम्पादन भएको आर्थिक वर्ष २०८१।८२ को क्रियाकलाप निम्नानुसार रहेको छ।

| क्र.स | विवरण | इकाई | परिमाण | खर्च रु. |
|---|---|---|---|---|
| १ | बोका खरिद तथा ढुवानी (१०% किसानको साझेदारी) | संख्या | १२ | ३५३८८८ |
| २ | तरकारीको बिउ तथा बिरुवा खरिद तथा ढुवानी | संख्या | ५० | ७४७५० |
| ३ | साना पशुको लागि खोर निर्माण | संख्या | ३५ | ८५७६८० |
| ४ | ठुला पशुको लागी भकारो सुधार तथा निर्माण | संख्या | ३१ | ६१२८५९ |
| ५ | डेरी सुधार कार्यक्रम बड्डाँडा (१०% लाभग्राही साझेदारी) | पटक | १ | १००००० |
| ६ | व्यवसायिक किसान हरुलाई तरकारीको क्यारेट सहयोग | जना | ५० | ६८४०० |
| ७ | मिनीटेलर खरिद तथा वितरण (५०% किसानको साझेदारी) | संख्या | ५० | १२०८८०० |
| ८ | हाट बजार स्थापना टहरा तथा संकलन केन्द्र निर्माण (वडा नं. २) | संख्या | १ | ९७९२३२ |
| ९ | हाट बजार स्थापना टहरा तथा कोठा निर्माण (वडा नं. ५) | संख्या | १ | १५०००० |
| १० | सहकारीका मार्फत मह बजारिकरणका लागि सहयोग | पटक | ९ | ९०००० |
| ११ | यूवाउद्यमीका लागि कृषि व्यवसाय विस्तारमा प्रविधिका साथै व्यवसाय विस्तार सहयोग | संख्या | ७ | ३४८३६५ |
| १२ | कृषि उत्पादनको विक्रिमा आधारित अनुदान वितरण | संख्या | २ | ८०७७३७ |
| १३ | समूहका लागी पशुको उचित व्यवस्थापन तालिम | संख्या | २ | ४१८५४ |
| १४ | परियोजना अनुगमन तथा समन्वय समितिका लागी आधारशिला तालिम | पटक | १ | १७७९२५ |
| १५ | पुर्व सहकारी शिक्षा तालिम | पटक | १४ | ४२७८० |
| १६ | दुधको स्वच्छता सम्बन्धी अभिमुखिकरण तालिम | पटक | ३ | ४५४५० |
| १७ | स्रोत व्यक्ति परिचालन तथा अनुगमन | दिन १५१ | १५१ | १९८४०० |
| १८ | उत्पादित कृषि तथा पशु जन्य वस्तुको बजारीकरणका लागी किसान र व्यापारीको छलफल कार्यक्रम | पटक | २ | ९८५० |
| १९ | कृषि तथा पशु स्वास्थ्य उद्यमी परिचालन | मासिक | ८ | ६४००० |
| २० | पि.एम.सि.सि. बैठक | पटक | ३ | ७२६५० |
| २१ | पालिका स्तरीय परियोजना अनुगमन तथा समन्वय समितिको परियोजना क्षेत्रको अनुगमन तथा मूल्याङ्कन | पटक | २ | ३६२०० |
| २२ | वडा स्तरीय पि.एम.सि.सि. बैठक | संख्या | २४ | ९१०१५ |
| २३ | समुह स्व समिक्षा बैठक | पटक | १८ | ५१६१० |
| | **जम्मा** | | | **६४८३५४५** |

५०.२ **कृषि तथा पशु तर्फ कार्यक्रम**

पालिकाको कृषि तथा पशु तर्फ दरबन्दी अनुसार पदपुर्ति भएको अवस्थामा बहुवर्षीय दायित्व सृजना हुने गरी पालिका र हेफर बीच सम्झौता भएको देखियो। पालिकामा आर्थिक वर्ष २०८१।८२ मा कृषि कार्यक्रम तर्फ रु.९२ लाख २५ हजार बजेट विनियोजन गरी रु.७५,९९,०५३.०० खर्च भएको र संघिय तर्फ रु.१५ लाख विनियोजन भई रु.१६ लाख ७७ हजार संघीय सशर्तवाट खर्च भएकोमा ४ महिनाको र गाउँपालिकाको ८ महिनाको खर्च एक गाउँ एक प्राविधिक तर्फको तलव भत्तामा खर्च भएको अवस्था रहेको छ।

पालिकामा उपलब्ध जनशक्तिको उच्चतम परिचालन हुने गरी कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता लगायतका कार्यक्रमबाट दिगो रुपमा प्रतिफल हासिल हुने सुनिश्चितता हुनु पर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सरुमारानी गाउँपालिका, प्युठान , सरुमारानी गाउँपालिका , प्यूठान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Devi Ram Pathak | २०७९-११-२१ | २०८१-११-२१ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५९५,८३३ | ५०९,६४१ | १,०३१,६६० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २,१३७,१३४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २,१३७,१३४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २४६६८५०५.२३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४०७३७८४२४.१७ | चालु खर्च | ३५७१४०३४३.७४ |
| प्रदेश सरकारबाट अनुदान | २६४३३७०४.०५ | पूँजीगत खर्च | ६९९७७९२०.९९ |
| राजश्व बाँडफाँट | ३७२४१५४.८४ | वित्तीय/अन्य व्यवस्था | २५१३३९१०.८८ |
| आन्तरिक आय | ९०८१०३२.१८ | | |
| अन्य आय | ८५६१५१६.८३ | | |
| कुल आय | ४५५१७८८३२.०७ | कुल खर्च | ४५२२५२१७५.६१ |
| बाँकी मौज्दात | | २७५९५१६१.६९ | |

## अनुसूची - २

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क.स./ आर्थिक सङ्केत | विवरण | चालुआ.ब.को कारोबार | | गतआ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्वअनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ९४६८६७१८.९४ | ९४६८६७१८.९४ | ८२०७३४७८.६७ | ८२०७३४७८.६७ |
| १३००० | अनुदान | २५१२४९५१५.२२ | २५१२४९५१५.२२ | २६१३४१५४९.८ | २६१३४१५४९.८ |
| १४००० | अन्यराजस्व | ५३६८४७७.३ | ५३६८४७७.३ | ८९२७०९८.३७ | ८९२७०९८.३७ |
| १५००० | विविधप्राप्ति | ८२७१६५. | ८२७१६५. | १९१०९८. | १९१०९८. |
| क | **कुलजम्मा प्राप्ति** | ३५२१३१८७६.४६ | ३५२१३१८७६.४६ | ३५२५३३२२४.८४ | ३५२५३३२२४.८४ |
| ३ | चालु | २८१३६११२२.७४ | २८१३६११२२.७४ | २६६६४७६४३.७५ | २६६६४७६४३.७५ |
| २१००० | पारिश्रमिक / सुविधा | १२०४४७०४५.९४ | १२०४४७०४५.९४ | १२३३४०४९४.०४ | १२३३४०४९४.०४ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | १३५६८५०५२.८ | १३५६८५०५२.८ | १२५५६२९१९.७१ | १२५५६२९१९.७१ |
| २५००० | सहायता (Subsidy) | १६२०४०४६. | १६२०४०४६. | ११७०८७५२. | ११७०८७५२. |
| २६००० | अनुदान | १४००००. | १४००००. | ० | ० |
| २७००० | सामाजिकसुरक्षा | ६३४३६२८. | ६३४३६२८. | ३२१८५४६. | ३२१८५४६. |
| २८००० | अन्यखर्च | २५४१३५०. | २५४१३५०. | २८१६९३२. | २८१६९३२. |
| ४ | पूंजीगत | ७०७५२९२०.९९ | ७०७५२९२०.९९ | ८३४५८४४३.११ | ८३४५८४४३.११ |
| ३१११० | भवनतथा संरचना | ७७७९६२१. | ७७७९६२१. | ६३२१८२५. | ६३२१८२५. |
| ३११२० | सवारीसाधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ३९८८६३८. | ३९८८६३८. | ७७०४३९९. | ७७०४३९९. |
| ३११३० | अन्यपूँजीगत खर्च | ० | ० | १००००००. | १००००००. |
| ३११५० | सार्वजनिकनिर्माण | ५७८८९१८७.९९ | ५७८८९१८७.९९ | ६८०९२०८३.११ | ६८०९२०८३.११ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | ० | ० | ३४०१३६. | ३४०१३६. |
| ३११७० | पूँजीगतसुधार खर्च | १०९५४७४. | १०९५४७४. | ० | ० |
| ख) | **कुलजम्मा भुक्तानी** | ३५२११४०४३.७३ | ३५२११४०४३.७३ | ३५०१०६०८६.८६ | ३५०१०६०८६.८६ |
| ग) | **बचत/कमी (ग = क-ख )** | १७,८३२.७३ | १७,८३२.७३ | २४२७१३७.९८ | २४२७१३७.९८ |
| घ) | **धरौटीआकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | ३०७०५३९.७३ | ३०७०५३९.७३ | -१२०७२३८.९ | -१२०७२३८.९ |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | ५२,०५६.०० | ५२,०५६.०० | | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | ३०८८३७२.४६ | ३०८८३७२.४६ | १२१९८९९.०८ | १२१९८९९.०८ |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | २४६६८५०५.२३ | २४६६८५०५.२३ | २३४४८६०६.१५ | २३४४८६०६.१५ |
| छ) | **विनिमयनाफा/ घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | २७७५६८७७.६९ | २७७५६८७७.६९ | २४६६८५०५.२३ | २४६६८५०५.२३ |

# सुझाव

सरुमारानी गाउँपालिकाद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण भएकोमा प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।